लेखापरीक्षण प्रतिवेदन

मेल्लेख गाउँपालिका, अछाम

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

मेल्लेख गाउँपालिका, अछाम

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश

काठमाडौ

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/49

श्रीमान् अध्यक्षज्यू,
मेल्लेख गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, अछाम।

बिषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/49

श्रीमान अध्यक्षज्यू ,

मेल्लेख गाँउपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,अछाम ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रू.१ अर्ब २७ करोड ४७ लाख ६६ हजारको लेखापरीक्षणबाट रू.७ करोड ४८ लाख २६ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रू.१६ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रू.८ लाख ६७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५ करोड १० लाख १४ हजार र नियमित गर्नुपर्ने रू.२ करोड २९ लाख २९ हजार गरी जम्मा रू.७ करोड ४८ लाख १० हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रू.१७ करोड ४८ लाख ७६ हजारमा यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रू.२४ करोड ९६ लाख ८६ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित् अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभुत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।



(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
८४	६८	७,४८,२५,६५४	०	५	१५,८९०	०	८४	६३	७,४८,०९,७६४	८,६६,५९५	२,२९,२९,०४३	५,१०,१४,१२६	०	०	७,३९,४३,१६९	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
अछाम	१७,४८,७५,९६८	०	०	१७,४८,७५,९६८	०	७,४८,०९,७६४	२४,९६,८५,७३२

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	७३	सिंचाई पाइप वितरण	१०,१७०
२	२०८१/८२	७६ र ९६	बढी भुक्तानी	५,७२०
जम्मा				१५,८९०

मेल्लेख गाउँपालिका, अछाम

(८०७७२५०५३००)

मेल्लेख गाउँपालिका , अछाम

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय - संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यंक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।२ देखि २०८२।५।४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - कार्यालयको आय – व्ययतर्फ रु. १ अर्ब २७ करोड ४७ लाख ६५ हजार ८८३ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा निम्नानुसारको रू.१८१०४९।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं.	विवरण	रकम रू.
१	विभिन्न तालिम/अभिमुखिकरणमा नर्म्स भन्दा बढी भुक्तानी	५२८७५
२	सामाजिक सुरक्षा भत्ता बढी भुक्तानी असूली	९६०००
३	बढी ग्रेड भुक्तानी असुली	१२६१२
४	पाठ्यपुस्तकमा वढी निकाशा असुली	१९५६२

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोबारको एकीकृत विवरणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत विवरण तपशिल बमोजिम रहेको छ। स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली सुत्रबाट तयार भएको पालिकाको वित्तीय विवरण म.ले.प.फा. नं. २७० अनुसूचीमा संलग्न रहेको छ ।

पालिकाको एकीकृत आय-व्यय विवरणः					
प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		४२३८२४१६.६५	चालु खर्च		३०७०८९३४३.२
१.संचित कोष	१९७१९७०८.०४		१. पालिका तर्फ	१२३३५१७६६.३२	
२.धरौटी	५६५५३६१.०१		२. संघीय सशर्त	१८२८०८९७६.८९	
३.कार्यसञ्चालन कोष	१५२४६६७४.१८		३. संघीय विशेष		
४.प्रकोप व्यवस्थापन कोष खाता	४५५१७.४२		४. प्रदेश सशर्त	१२८६००	
५.चालु/पुजिगत					
६.विविध कोष खाता	१७१५११५६				
यस वर्षको आय			५. प्रदेश विशेष	८०००००	
१.आन्तरिक आय		२९५९४७२.९८	पुँजीगततर्फ		१७२०७३३६२
२. वित्तीय हस्तान्तरण (संघ)		४५०८५६७८०.५	१. पालिकातर्फ	८००७३	
क) समानीकरण अनुदान	८३५०१६००		२. संघीय सशर्त	५८७७९०२४	
ख) राजस्व बाँडफाँट	९२६४५६७०.४६		३. संघीय विशेष	१९०५८२४१	
ग) सशर्त अनुदान	२५५४०२०००		४. संघीय समपुरक		
घ) समपुरक अनुदान	0		५. प्रदेश सशर्त	११३८०३२५	
ङ) विशेष अनुदान	१९३०७५१०		६. प्रदेश विशेष		
च) रोयल्टी	0		७. प्रदेश समपुरक	२७२८२०००	
छ) अन्य	0		अन्तरसरकारी अख्तियारी (संघ)		१३९०९६२९३.४
३. वित्तीय हस्तान्तरण (प्रदेश)		२५३१४७१०.१२	क) सामाजिक सुरक्षा	१२०९५२४७१	
क) समानीकरण अनुदान	७८६६०००		ख) पर्यटन पुर्वाधार विकास योजना	७४२८५३६	
			ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	९८३९२८६.४	
			घ) विद्यालय शिक्षा क्षेत्र योजना – (केन्द्र स्तर)	८७६०००	
ख) राजस्व बाँडफाँट	१९१६७१०.१२				
ग) सशर्त अनुदान	११९५००००		अन्तरसरकारी अख्तियारी (प्रदेश)		

घ) समपुरक अनुदान	२७८२०००		ऋण फिर्ता (साँवा)		
ङ) विशेष अनुदान	८०००००		ऋणको ब्याज भुक्तानी		
च) रोयल्टी	०		धरौटी फिर्ता तथा सदर स्याहा		८३६७६६
छ) अन्य	०		कार्यसञ्चालन कोषबाट भएको खर्च		१३४९९५७७.२६
४. अन्तर सरकारी अख्तियारी (संघ)		१३९०९६२९३.४	अन्य कोषबाट भएको खर्च		
क) सामाजिक सुरक्षा	१२०९५२४७१		गैरसरकारी संस्थाबाट सञ्चालित योजना		
ख) पर्यटन पुर्वाधार विकास योजना	७४२८५३६		अन्य सहयोगमा सञ्चालित योजना		
ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	९८३९२८६.४				
घ) विद्यालय शिक्षा क्षेत्र योजना – (केन्द्र स्तर)	८७६०००				
			अन्य खर्च भएमा		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)	0		अनुदान फिर्ता		१४४८६०७६.११
६. ऋण/ वित्तीय व्यवस्था	0		१. संघ तर्फ	१४०४५००१.११	
७. धरौटी आय		३६८५८०१.५	क) सशर्त अनुदान	१३७९५७३२.११	
८. कार्यसञ्चालन कोष आय		५७५०५०८	ख) विशेष अनुदान	२४९२६९	
९. अन्य कोषको आय	०		ग) समपुरक अनुदान	०	
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०		२.प्रदेशतर्फ	४४१०७५	
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना	0		क) सशर्त अनुदान	४४१०७५	
१२. अन्यआय भएमा			ख) विशेष अनुदान	०	
1३.विविध आम्दानि			ग) समपुरक अनुदान	०	
१४.कर दाखिला बाकि		२०८९८.४१	अन्तिम मौज्दात		२२९८५४६३.५८
			१. संचित कोषको मौज्दात	५२२२७८८.७३	
			२. धरौटी	८५०४३९६.५१	
			३. कार्यसञ्चालनकोष	७४९७६०४.९२	
			४. अन्यकोष	१७६०६७३.४२	
जम्मा		६७००६६८८१.५६	जम्मा		६७००६६८८१.५६

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ जिम्मेवारी फरक

म.ले.प.फा.नं. २७० अनुसार गत वर्षको बैंक मौज्दात रु. ३,८४,२३,२७३.०१ जिम्मेवारी सारेको देखिएकोमा एकीकृत वित्तीय विवरणमा रु. ४,२३,८२,४१६.६५ जिम्मेवारी सारेको देखियो ।जस अनुसार म.ले.प.फा.नं. २७० भन्दा एकीकृत वित्तीय विवरणमा रु. ३९,५९,१४३।६४ बढी जिम्मेवारी सारेको छ ।त्यसै गरी आ.व. २०८१।८२ को अन्तिम बैंक मौज्दात म.ले.प.फा.नं. २७० अनुसार रु. १,६६,६९,९७४।२९ रहेकोमा एकीकृत वित्तीय विवरणमा रु. २,२९,८५,४६३।५८ अन्तिम बैंक मौज्दात रही म.ले.प.फा.नं. २७० भन्दा रु. ६३,१५,४८९।२९ बढी जिम्मेवारी सारेको देखियो ।एकीकृत वित्तीय विवरण बमोजिम नै सुत्र प्रणालीमा पनि गत वर्षको जिम्मेवारी र चालु आ.व.को अन्तिम बैंक मौज्दात भिडान हुनुपर्नेमा सो भन्दा घटी/बढी देखिएकोले सुत्र प्रणालीमा बैंक मौज्दात फरक परेको रकमको हिसाब मिलान हुनु पर्दछ।

४ खर्च खाताको जिम्म्मेवारी

पालिकाको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर गत वर्षको पालिकाको एकीकृत आय व्यय विवरण बमोजिम चालु खर्च खातामा रु. ७७२०० र पुँजीगत खर्च खातामा रु १२५४०८२ समेत रु १३,३१,२८२.०० अन्तिम मौज्दात कायम भएकोमा यस आर्थिक बर्षको शुरुमा उक्त खाताहरुमा जिम्मेवारी सारेको देखिएन साथै उक्त खाताहरुको शुरु मौज्दात सम्बन्धमा बैंक स्टेटमेन्ट समेत पेश नभएकोले अनुसार गत वर्षको अन्तिम मौज्दातभन्दा रु. १३३१२८२ घटी जिम्मेवारी सरेको सम्बन्धमा एकिन गरी प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	१३,३१,२८२

५ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्र मार्फत सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा. नं. २७०, २७२ र २७५) तयार गर्नुपर्दछ। पालिकाले यस वर्ष सामाजिक सुरक्षा तथा संरक्षण बापतको खर्च रु. १२,०९,५२,४७१।०० , पर्यटन पुर्वाधार विकास योजना तर्फ रु. ७४,२८,५३६।०० , स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमतर्फ रु. ९८,३९,२८६।४० र विद्यालय शिक्षा क्षेत्र योजनातर्फ रु. ८,७६,०००।०० समेत रु. १३,९०,९६,२९३।४० को कारोबारको सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण भएको छैन।

६ दाखिला गर्न बाँकी कर

कार्यालयले आयकर ऐन २०५८ बमोजिम भुक्तानीमा कर कट्टी गरेको रकम चालु आर्थिक वर्ष भित्रै संघीय राजस्व खातामा दाखिला गर्नुपर्दछ । पालिकाको सुत्रको म.ले.प.फा.नं. २७० साथै एकीकृत आय व्यय विवरण बमोजिम भुक्तानीमा कट्टी गरेको रु. २०८९८.४१ कर दाखिला गर्न बाँकी रहेको देखिन्छ ।उक्त दाखिला गर्न बाँकी रकम यथाशीघ्र दाखिला गरी भौचर पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	२०,८९८

७ आन्तरिक नियन्त्रण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन्

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार

गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले पालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको भएपनि सामान खरिदको प्रभावकारी अनुगमन गरेको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी उक्त प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा प्रतिवेदन नै तयार गरेको छैन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ७(४) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• कार्यालयको स्वामित्वमा रहेका सवारी साधनहरुको मर्मत गर्नु अगावै तोकिएको मलेप फारमको ढाँचामा मर्मत आवेदन स्वीकृत गराइ मर्मत पश्चात मर्मत अभिलेख अद्यावधिक गर्नुपर्नेमा गरेको पाइएन ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरु कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले नियमको पुर्ण रुपमा पालना गरेको पाइएन ।

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको,

• तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनिय बनाइ सेवा प्रवाह सुदृढ बनाउनुपर्दछ।

८ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री नृप बहादुर खड्काले मिति २०८१।०३।१० गते रु ५३ करोड ३६ लाख ९२ हजार ८४७ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।२५ मा पारित भएको छ । यसैगरी प्रमुख श्री ज्वाला सिंह साउदले मिति २०८१।०४।१८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

९ खर्च विश्लेषण

पालिकाले यसबर्ष कुल आन्तरीक आयबाट रु २९५९४७२.९८ राजस्व बाँडफाँड र अनुदानबाट रु.४७,६१,७१,४९१ समेत रु.४७,९१,३०,९६४.३६ आम्दानी भएकोमा चालु तर्फ रु. ३०,७०,८९,३४३.२१ र पूँजिगत तर्फ रु १७,२०,७३३६२.०० समेत रु. ४७९१६२७०५.२१ -खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.६१ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु .३३,८३,००० खर्च भएको छ जुन आन्तरिक आयको ११४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ९०.२९ प्रतिशत चालु र ८९.८ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१० त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

रु हजारमा

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	१७२०७१	१५३२८	३१०५४	३६१७५	८९५१४	७०२१४
प्रतिशत		८.९	१८.०४	२१.०२	५२.०२	३६.६४

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु १७ करोड २० लाख ७१ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १ करोड ५३ लाख २८ हजार (८.९ प्रतिशत), दोस्रो त्रैमासिकमा रु ३ करोड १० लाख ५४ हजार (१८.०४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु ३ करोड ६१ लाख ७५ हजार (२१.०२ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ८ करोड ९५ लाख १४ हजार (५२.०२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु ७ करोड २ लाख १४ हजार (३६.६४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

११ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा पालिकाले हालसम्म ९ ऐन, ४ नियमावली, २ निर्देशिका, १३ कार्यविधि, १ आचारसंहिता, १ नीति लगायत ३० वटा कानुन निर्माण गरी कार्यान्वियनमा ल्याएको छ ।

१२ न्यायीक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष ५ विवाद दर्ता भएकोमा ४ फछर्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१३ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत

अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

१४ योजना र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । यस वर्ष संचालन भएका कामका योजनाहरू देहाय अनुसार छन्:

क्र.सं.	विवरण	योजनासंख्या	रकम
१	रु.१ लाखभन्दा कमको योजना	१८	११६०२००
२	रु.१ लाख एकदेखि पाँच लाख सम्मका योजना	१०५	३१४०६६२०
३	रु.५ लाखदेखि १० लाख सम्मका योजना	२७	२०९९६३००
४	रु.10 लाख एकदेखि ५० लाख सम्मका योजना	१७	२९४५७०००
५	रु.५० लाख भन्दा माथिका	६	८७७२५७००
	जम्मा	१७३	

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. ५० हजार देखि ७० लाख सम्मका जम्मा १७३ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १८ वटा योजनाहरु रहेका छन् ।त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।

१५ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्चप्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	१२००५०००.००	९७४९४०५	**२.०३%**
२	पूर्वाधार विकास	१३०६६५९०१.००	१०८८३५१०९	**२२.७१%**
३	सामाजिक विकास	२५९६४२०००.००	२४३१७०८०३	**५०.६५%**
४	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१५६१२०००.००	१२१४८३६६	**२.५४%**
५	अन्य कार्यालय संचालन तथा प्रशासनिक	११५७६७९४६.००	१०५२५९०२१	**२१.९७%**
	जम्मा	**५३३६९२८४७**	**४७९१६२७०४**	**१००**

उपर्युक्त विवरणअनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५०.६५ प्रतिशत खर्च भएको छ भनेआर्थिक विकास २.५४ प्रतिशत तथा पूर्वाधार विकासमा २२.७१ प्रतिशत रहेको छ । आर्थिक बिकास तथा पूर्वाधार विकासमा बजेट वृद्धि गर्नुपर्ने देखिन्छ ।

१६ **प्रशासकीय संगठन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । प्राप्त बिबरण अनुसार पालिकामा ९२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ७६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार प्रमुख प्रशासकीय अधिकृत, प्रशासकीय अधिकृत, प्रशासन सहायक, कम्प्युटर अपरेटर, अ.सब. इन्जीनियर, खा.पा.स.टे लगायत सहित १६ पदहरु रिक्त रहेका छन् । पालिकाले आवश्यकताका आधारमा दरबन्दी तथा पदपूर्ति सम्बन्धी व्यवस्थापन गर्नुपर्दछ ।

१७ **वडा सचिवको पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहको भूमिकामा रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

वडा संख्या	वडा सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव
८	८	१	७

पालिकाले आवश्यकताका आधारमा दरबन्दी तथा पदपूर्ति सम्बन्धी व्यवस्थापन गर्नुपर्दछ ।

१८ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१९ **पदाधिकारी सुविधा**

गण्डकी प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को अनूसूची -१ मा उल्लेख भएको सुविधा पाउने व्यवस्था छ । कार्यालयले पदाधिकारी सुविधा वापत रु .३३८३०००।-खर्च लेखेको छ । बजेट अपुग भएका कारण पदाधिकारी सुविधाको लागि आगामी आवमा रु ४७१७००० दायित्व सारेको पालिकाले जनाएको छ ।

२० **सेवा प्रवाह**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष स्वीकृत घर नक्सा दर्ता पास ५, जन्मदर्ता १२२४, बसाईसराई ९६, विवाहदर्ता २३२, जन्म दर्ता १२२४ वटा, मृत्युदर्ता २०३, कालोपत्रे सडक निर्माण ८ किलोमिटर लगायतका सेवा प्रवाह गरेको देखियो । भौतिक पूर्वाधार निर्माण तर्फको अन्य तथ्याङ्क अद्यावधिक राखेको पाइएन । पालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ ।

२१ **वार्षिक खरिद योजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ मा वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ ।पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१७ करोड २० लाख पूँजीगत खर्च अन्तर्गत खरिद तथा निर्माण कार्य गरेको छ । तर आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा पालिकाले उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो ।अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२२ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शीर्षकवाट रु. २४ लाख ९९ हजार खर्च भएकोमा खाना खाजा लगायतमा होटेल, रेस्टुरेन्टका बिल संलग्न गरी रु. ७,६४,३४०।०० खर्च लेखेको छ । यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ।पालिकाले यस प्रकारको खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नु पर्दछ ।

२३ **आर्थिक सहायता**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५मा सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको वित्तीय समानीकरण चालुको नमुना छनौटको आधारमा परीक्षण गर्दा विभिन्न रोग बिरामका साथै क्यान्सर पिडित, आगलागी पिडीत, र विपद सहयोगका लागि न्यूनतम रु. ५,०००.०० देखि अधिकतम रु. २५,०००.०० सम्म २० जनालाई रु ५४१००० आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायता वितरण गर्दा अन्य निकायबाट समेत सहायता लिए नलिएको सम्बन्धमा स्पष्ट भई पालिकाको आन्तरिक स्रोत समेतलाई मध्यनजर गरी सहायता दिनुपर्दछ।

२४ **अनुगमन तथा भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शीर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शीर्षकवाट रु. १७,६२,२९० खर्च लेखेको छ ।पालिकाले भ्रमण खर्च नियमावलीको व्यवस्था बमोजिम भ्रमण आदेश तथा बिलसँगै भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि संलग्न गर्नुपर्ने नियमको आंशिक रुपमा मात्र पालना गरेको छ । नियममा भएको व्यवस्था अनुसार अभिलेख व्यवस्थित गरी खर्च लेख्नु पर्दछ ।

२५ **गत विगतको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ (घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा रु.४ करोड २५ लाख ५२ हजार २२५ समावेश गरी रु ३ करोड ८१ लाख ८८ हजार ९०७ भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२६ **पेश्की बाँकी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(१) वमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए वमोजिम प्रत्येक रनिङ विल वा अन्य विलवाट कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फछ्यौंट गर्ने सम्बन्धी व्यवस्था छ । कार्यालयवाट प्राप्त विवरण अनुसार आर्थिक वर्षको अन्त्य सम्ममा देहायवमोजिम गत विगत वर्षको रु. ८७८५०७५ र यस वर्षको म्याद ननाघेको रु. ३५८२००० पेश्की बाँकी देखिएकोले पेश्की बाँकी रकम नियमानुसार फछ्यौट गर्नुपर्दछ।

भौ नं	**पेश्की लिनेको नाम**	**विवरण**	**गत आ.व.को**	**यस आ.व.को**	
				म्याद नाघेको	म्याद ननाघेको
विगत वर्ष	बानिया नाती जे.भी	पिच सडक निर्माण	७१६७०७५	-	-
विगत वर्ष	भीम निर्माण सेवा एण्ड सप्लायर्स	प्रदेश सरकार समपुरक अनुदान हिसाब भिडान	४३८०००	-	-
विगत वर्ष	शोडषादेवी निर्माण सेवा	ग्रामिण उद्योग निर्माण	५४३०००	-	-
२	जे.एस. कन्ट्रक्सन	५ नं वडा कार्यालय भवन निर्माण	-	-	८०००००
२६	पि के वि निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि.	कुस्कोट सुगुरदह लिफ्टिङ खानेपानी आयोजना	-	-	२७८२०००
विगत आवको	ढाडपडेगडा खानेपानी तथा सरसफाई आयोजना	ग्रामिण जलस्रोत व्यवस्थापन	६३७०००	-	-
जम्मा			**८७८५०७५**		**३५८२०००**

२७ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यबस्था अनुरुप पालिकाले मेल्लेख गाउँपालिकाको आबधिक विकास योजना २०८२।८३–२०८६।८७ बनाएको छ। पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा सालवसाली विषयहरुलाई भन्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई समावेश गरी स्थानीय तहको समग्र विकासका लागि आवधिक योजनाको प्रभावकारी ढङ्गले कार्यान्वियन गर्नुपर्दछ ।

२८ **नीति तथा कार्यक्रम कार्यान्वयन अवस्था**

नीति तथा कार्यक्रम कार्यान्वयन अवस्था – स्थानीय सरकारको सर्वोच्च अङ्गको रुपमा रहेको सभाबाट पारित भएका बार्षिक नीति तथा कार्यक्रमहरु सो वर्ष तोकिएको समयमा कार्यान्वियन हुनुपर्दछ ।यस पालिकाको गाउँसभाबाट आर्थिक वर्ष २०८१।८२ का लागि पारित भएका विभिन्न नीति तथा कार्यक्रमको कार्यान्वियन अवस्था अध्ययन तथा परीक्षण गर्दा अधिकांश नीति तथा कार्यक्रम कार्यन्वयनमा आएतापनि केहि नीति तथा कार्यक्रम आंशिक रुपमा र कतिपय नीति तथा कार्यक्रम कार्यान्वियनमानै आएको देखिएन। कार्यन्वयनमा नआएका नीति तथा कार्यक्रमका केही उदाहरणहरु देहाय बमोजिम छन् :

आर्थिक विकास समितिका क्षेत्रतर्फ

• उच्च मूल्य भएका नगदे बाली (कफी र अलैची खेती) को खेती विस्तार गर्न बजेटको व्यवस्था मिलाईनेछ भनिएकोमा कार्यान्वयन नभएको ।

• मेल्लेख गाउँपालिकालाई अण्डामा आत्मनिर्भर बनाउन कुखुरा फर्मलाई अनुदानको व्यवस्था गरिने छ भनिएकोमा कार्यान्वयन नभएको।

• उत्कृष्ट कृषि व्यवसायीलाई प्रोत्साहन स्वरुप प्रति किलो रु. ३ रुपैयाका दरले भाडामा सहुलियतमा छुट हुने व्यवस्था मिलाईनेछ भनिएकोमा कार्यान्वयन नभएको ।

• कृषकहरुको बाली वीमा पशु वीमा कार्यक्रमको लागि बजेटको व्यवस्था गरिनेछ भनिएकोमा कार्यान्वयन नभएको।

• मेल्लेख गाउँपालिकाको ऐतिहासिक सम्पदासँग जोडिएको धार्मिक पर्यटकीय हवको रुपमा विकास गरिनेछ भनिएकोमा कार्यान्वयनमा नआएको ।

• लघु उद्यम विकास कार्यक्रममा उद्यमशिलता सिप लिएका व्यक्तिहरुलाई उत्कृष्ट उद्यमीको रुपमा छनोट गरी प्रविधि हस्तान्तरण गरिनेछ भनिएकोमा कार्यान्वयनम नआएको ।

• लघु उद्यमीले उत्पादन गरेका वस्तुहरुको गुणस्तर, ग्रेडिङ, लेबलिङ्ग, विक्री वितरणको प्रबन्ध लिईनेछ भनिएकोमा कार्यान्वयन नभएको ।

• निरन्तर उद्यम व्यवसाय गरिरहेका उद्यमीलाई व्यवसायिक सुधार व्यवसायिक परामर्श पुनर्ताजगी (स्तरोन्नती) तालिम दिईनेछ भनिएकोमा सो कार्यान्वयन नभएको ।

सामाजिक विकासका क्षेत्रतर्फ

• विद्यार्थी संख्या भौगोलिक दुरी तथा विद्यालयको शैक्षिक अवस्थाको आकलन गर्दै विद्यालयको समायोजन गरिनेछ भनिएकोमा कार्यान्वयन नभएको ।

• शैक्षिक गुणस्तर सुधारका निम्ति शिक्षकसँग कार्यसम्पादनको आधारमा करार सम्झौता गरिनेछ भनिएकोमा कार्यान्वयन नभएको ।

• हाम्रो विद्यालय राम्रो विद्यालय, मेरो विद्यालय म बनाउँन्छु कार्यक्रमको रुपमा अघि बढाईनेछ भनिएकोमा कार्यान्वयनमा नआएको।

• विद्यालयका प्रधानाध्यापकलाई विद्यालय विकास योजना तथा कार्यसम्पादनका आधारमा गाउँपालिकासँग करार सम्झौता गरिनेछ भनिएकोमा कार्यान्वयन नभएको ।

खानेपानीतर्फ

• मेल्लेख गाउँपालिकाको खानेपानी आयोजनाको मोडेल परिवर्तन गरिनेछ जसमा १ घर १ धारा, १ धारा १ पोखरी, १ पोखरी १ करेसाबारीको अवधारणामा विकास गरिनेछ भनिएकोमा हाल सम्म कार्यान्वयन नभएको ।

• बजार क्षेत्रमा फोहोरको लागि डम्पीङ्ग साईड निर्माण गरिनेछ भनिएकोमा कार्यान्वयन नभएको।

संस्कृति प्रवर्द्धनतर्फ

• मौलिक कला संस्कृति जगेर्ना, प्रवर्धन र विकासका लागि कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ भनिएकोमा कार्यान्वयन नभएको ।

• आफ्नै मौलिकताको कला भाषा संस्कृति विकासका लागि कला प्रदर्शनी महोत्सव गरिनेछ भनिएकोमा कार्यान्वयन नभएको ।

युवा तथा खेलकुदतर्फ

• मेल्लेख गाउँपालिकाको युवा तथा खेलकुद विकासका लागि कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ भनिएकोमा नभएको ।

• अध्यक्षसँग यूवा, यूवा सँग लक्षित कृषि प्याकेज कार्यक्रमको व्यवस्था मिलाईनेछ भनिएकोमा कार्यान्वयन नभएको ।

रोजगारको क्षेत्रतर्फ

• अध्यक्षसँग रोजगार कार्यक्रमलाई अझै प्रभावकार बनाउन सामुदायिक योजनाहरुमा युवासँग साझेदारी गरी भौतिक पूर्वाधारको दिगो तथा स्तरीय विकास गरिनेछ भनिएकोमा कार्यान्वयन नभएको ।

• श्रम स्वीकृती तथा पून:श्रम स्वीकृतिका आवेदनलाई सरल, सुलभ तथा व्यवस्थित रुपमा सहजिकरण गरिनेछ भनिएकोमा कार्यान्वयन नभएको ।

वन वातावरण तथा विपत् व्यवस्थापन समितिका क्षेत्रहरु

• मेल्लेख गाउँपालिका अन्तर्गतका कबुलियति वन र सामुदायिक वनलाई विकास समृद्धिका लागि स्थानीय सरकारको स्वामित्वमा ल्याईनेछ भनिएकोमा कार्यान्वयन नभएको ।

• मेल्लेख गाउँपालिका अन्तर्गत सम्पुर्ण जनसमुदायहरुको आर्थिक वृद्धि विकासका लागि जडिबुटी प्रशोधन केन्द्र स्थापना गरिनेछ भनिएकोमा कार्यान्वियन नगरिएको।

• जडिबुटी उत्पादन प्रवर्द्धन, प्रशोधन र बजारीकरणको व्यवस्था गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

सुशासन तथा संस्थागत विकास

• स्थानीय श्रोतको उत्खनन गर्न कार्यविधि निर्माण गरी गिट्टी, वालुवा, ढुङ्गा खानी समेतको ठेक्का कार्यान्वियन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

२९ अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप संचालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

३० जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(१) मा कार्यालय प्रमुखले यस नियमावली बमोजिम लगत खडा गरी राखिएको सम्पत्ती तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी गराई महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम लेखापरीक्षण अवधिसम्म जिन्सी निरीक्षण गरेको देखएन । जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश नभएकोले पालिकाको जिन्सी मालसामान बारे थप विश्लेषण गर्न सकिएन । तसर्थ पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम जिन्सी निरीक्षण गरी प्रतिवेदन लिई सो प्रतिवेदनका आधारमा सोहि नियमको अन्य उपनियममा भएको व्यवस्था अनुसार जिन्सी मालसामानको व्यवस्थापन गर्नुपर्दछ ।

३१ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत बार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यबस्था रहेको छ । पालिकाले यसवर्ष पूँजिगत शीर्षकमा रु.१ करोड २४ लाख ३० र चालु शीर्षकमा रु. ६ लाख ९० हजार समेत रु. १ करोड ३१ लाख २० हजार रकमान्तर गरेको छ । उक्त रकम शुरु बजेट रु. ५३ करोड ३६ लाख ९२ हजारको तुलनामा २.४६ प्रतिशत हुन आउँछ । यसरी आर्थिक वर्षको अन्तमा रकमान्तर गरी खर्चगर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

३२ राजस्व सुधार कार्ययोजना

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाउँपालिका तथा नगरपालिकको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन,२०७६ तयार गरेको छ । प्रत्येक पालिकाले उक्त दिग्दर्शनलाई आधार लिई पालिकाको आन्तरिक राजस्व सुधार गरी आन्तरिक आय बृद्धिका लागि राजस्व सुधार कार्ययोजना बनाई लागु गर्नुपर्नेमा यस पालिकाले हालसम्म उक्त कार्ययोजना बनाएको छैन । स्थानीय तहको राजस्व सुधारका लागि राजस्व सुधार कार्ययोजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

३३ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५६, ५७, ५८ र ५९ मा एकिकृत सम्पत्ती कर र घरजग्गा कर, भूमिकर(मालपोत), घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यबस्था छ भने दफा ६६ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको प्रक्षेपण गर्नसक्ने व्यवस्था छ । पालिकाको आ. ब . २०८०।८१ र २०८१।८२ को आन्तरिक राजस्वको प्रक्षेपण तथा असुली अवस्था देहाय बमोजिम रहेको छ ।

क्र.स.	राजश्व शीर्षक वितरण	आ व२०८०।०८१		आ व२०८१।०८२	
		प्रक्षेपण	अशुली	प्रक्षेपण	अशुली
१	सम्पती कर		१९२४०		४३५५७
२	भुमिकर/मालपोत		१५४९०१		३१५१८७.४०
३	वहाल कर		५६०८८		१०४३९४.५८
४	पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर		३०००		०
५	यातायातक्षेत्रको आम्दानी		६००००		२३९९५०
६	अन्यप्रशासनिक सेवा शुल्क		१२३००		२६०३१५
७	अन्यसेवा शुल्क तथा बिक्री		१००		८००
८	नक्सापासदस्तुर		१०००		२०००
९	सिफारिसदस्तुर		२७५३०१		५०७७५०
१०	व्यक्तिगतघटना दर्ता दस्तुर		३०६४०७		२९४७५०
११	नाताप्रमाणित दस्तुर		१०५०		५०५०
१२	व्यावसायरजिष्ट्रेशन दस्तुर		२४५००		१२६१००
१३	अन्यराजस्व		२७३३००		२७६१८५
१४	व्यवसायकर		४१५०		६०००
१५	व्यवसायलेभूक्तानी गर्ने कर		२०५००		०
१६	बेरूजू		२१९००		६८०५८४
१७	विद्युतसम्बन्धी दस्तुर		०		०
१८	प्रशासनिकदण्ड, जरिवाना र जफत		०		१५००
१९	अन्यक्षेत्रको आय		१०००		८८५५०
२०	अन्यदस्तुर		५६६५०		०
२१	अन्यकर		१११६२०		२४५०
२२	कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर		०		९००
२३	अन्य निकायबाटप्राप्त लाभांश		०		३०००
२४	न्यायिकदस्तुर		०		३००
	जम्मा	**४००००००**	**१४०३००७**	**४००००००**	**२९५९३२२.९८**

उपर्युक्त तालिका अनुसार पालिकाले आ.ब. २०८०।८१ मा कुल आन्तरिक राजस्व रु. ४० लाख अनुमान गरेकोमा रु.१४ लाख ०३ हजार अर्थात लक्ष्यको तुलनामा ३५.०७ प्रतिशत मात्र असुली गरेको देखिन्छ भने आ.ब. २०८१।८२ मा समेत रु. ४० लाख नै अनुमान गरेकोमा रु. २९ लाख ५९ हजार अर्थात लक्ष्यको तुलनामा ७३.९८ प्रतिशत असुली गरेको देखिन्छ ।पालिकाले शीर्षकगत रुपमा लक्ष्य नतोकेकोले यस सम्बन्धमा थप विश्लेषण गर्न सकिएन ।गतवर्ष भन्दा यस वर्षको आन्तरिक राजस्व असुलीमा सुधार देखिएता पनि लक्ष्य अनुरुप असुली भएको देखिएन । तसर्थ पालिकाले आन्तरिक राजस्व अनुमान गर्दा शीर्षकगत रुपमा प्राप्त हुनसक्ने

राजस्वका स्रोतहरुको विस्तृत अध्ययन गरी यथार्थपरक हुनेगरी गर्नुपर्ने एवं राजस्वको दायरा बढाई आन्तरिक राजस्व वृद्धि गर्नेतर्फ विशेष पहल गर्नुपर्ने देखिन्छ ।

३४ **ढिला दाखिला**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ को दफा २८ (१) मा जिम्मेवार व्याक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने एवं उपदफा (२) मा त्यसरी दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए १० प्रतिशतका दरले जरीवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारवाही समेत गराउन सक्ने व्यावस्था छ । यस पालिका अन्तरगतका विभिन्न वडा कार्यालयहरुले नगदी रसिदको प्रयोग गरी असुली गरेको राजस्व तोकिएको अवधिमा दाखिला नगरेको अवस्थामा समेत यस प्रकारको कानुनको पालना भएको देखिएन।पालिकाले जिम्मेवार व्यक्तिलाई जवाफदेही वनाई कानुनमा भएको व्यवस्था अनुरुप दाखिला गराउन लगाउनु पर्दछ । पालिका अन्तर्गतका वडा कार्यालयहरुको असुली तथा दाखिला देहाय बमोजिम रहेको छ ।

सि. न.	**राजस्व संकलन केन्द्र**	**यसवर्षको असुली (रु.)२९,६४,९१२.९८**	**पालिकामा दाखिला(रु.)२९,६४,९१२.९८**	**कैफियत**
१	वडानं.१ कार्यालय	६६,०४१	६६,०४१	२०८१ असोज, माघ, पौष, चैत्र तथा विभिन्न समयमा online माध्यमबाट २०८२असारसम्मदाखिला
२	वडानं.२ कार्यालय	४८०४०	४८०४०	२०८१ देखि २०८२ असार भदौ सम्म गरी विभिन्न समयमा Online दाखिला।
३	वडान.३ कार्यालय	१०१३४४	१०१३४४	२०८१ असोज, चैत्र, असार तथा विभिन्न समयमा online माध्यमबाट २०८२असारसम्मदाखिला।
४	वडानं.४ कार्यालय	११०२१५	११०२१५	२०८१वैशाख, जेठ, असार, मंशिर र विभिन्न समयमा २०८२ असार सम्मदाखिला।
५	वडानं.५ कार्यालय	१३१५३३	१३१५३३	२०८१ असार, मंशिर, पौष, माघ,चैत्र तथा २०८२असारमा गरी विभिन्न समयमा Online दाखिला।
६	वडानं.६कार्यालय	१४९०६३	१४९०६३	२०८१ जेठ, असार, कार्तिक, चैत्र २०८२असारमा गरी विभिन्न पटक Online दाखिला
७	वडानं.७कार्यालय	२६३३०२	२६३३०२	२०८१ वैशाख, जेठ, असार, असोज, कार्तिक, मंसिर तथा २०८२असारसम्ममा विभिन्न मितिमा Online दाखिला
८	वडानं.८कार्यालय	११९४४३	११९४४३	२०८१ जेठ, असार, पौष, चैत्र २०८२गरी विभिन्न समयमा Onlineदाखिला
	पालिकाको कार्यालयबाट	१९८३९३१।९८	१९८३९३१।९८	२०८१ साउन, असोज, कार्तिक, मंसिरगरी विभिन्न समयमा असार सम्म Online दाखिला

३५ **आन्तरिक आय सङ्कलन ठेक्का**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा भएको व्यबस्था अनुसार पालिकाले आफ्नो आन्तरिक आय सङ्कलनका लागि स्थानीय कर, सेवा शुल्क तथा दस्तुर लगाउन सक्ने व्यवस्था छ । यसका लागि पालिकाले आफ्नो क्षेत्रभित्र दैनिक हाट बाजार कर, सडक मर्मत संभार शुल्क, स्थानीय पूर्वाधारको उपभोग शुल्क, विभन्न प्राकृतिक वस्तुको विक्री तथा निकासीमा लाग्ने शुल्क लगायतका

कारोबारबाट राजस्व संकलनका लागि आन्तरिक आय ठेक्का लगाई राजस्व वृद्धि गर्नुपर्नेमा यसवर्ष कुनैपनि आय ठेक्का लगाएको पाइएन ।

३६ **व्यवसाय कर**

पालिकाको आर्थिक ऐन, २०८० को दफा ५ मा गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाईने र असुल गरिने व्यबस्था छ । उक्त ऐनको अनुसुचि–२ मा होटल/लज/रेष्टुरेन्ट, मासु पसल, मदिरा पसल, किराना पसल, सुनचाँदी पसल, खाद्य पसल, काष्ट उद्योग, भाँडाकुँडा पसल, वित्तिय सेवा लगायत विभिन्न ७५ प्रकारका व्यवसायबाट कर, दस्तुर, शुल्क उठाउने उल्लेख छ । यो वर्ष पालिकाले रु.६,०००।०० मात्र व्यवसाय कर संकलन गरेको विवरण पेश भएको छ । पालिकाले पारित आर्थिक ऐनको व्यवस्था अनुसार आफ्नो क्षेत्रभित्रका यस्ता सबै व्यबसायिहरुबाट व्यवासाय कर उठाई आन्तरिक राजस्व वृद्धि गर्नुपर्दछ ।

३७ **एम्बुलेन्स सेवा**

पालिकाले एम्बुलेन्स सेवा सञ्चालन गर्दा निश्चित मापदण्ड एवं कार्यविधि बनाएर सञ्चालन गरी आम्दानी खर्चको व्यवस्थित एवं पारदर्शी ढंगले हिसाब किताब राख्नुपर्दछ । पालिका अन्तर्गत से.१.च. २२१४ नंवरको एम्वुलेन्स सञ्चालनमा रहेकोमा उक्त एम्वुलेन्स सेवा सञ्चालन सम्बन्धमा कुनै पनि कार्यविधि एवं मापदण्ड बनाएको छैन । उक्त एम्बुलेन्स सेवा कसरी सञ्चालन गर्ने, कस्तो विरामीलाई निशुल्क सेवा दिने, सम्बन्धमा पालिकाले कुनै निर्णय गरेको समेत विवरण लेखापरीक्षणमा पेश भएन । यस वर्ष उक्त एम्बुलेन्सले क-कसलाई के कति सेवा दिईएको हो, सो सम्बन्धमा एम्बुलेन्स प्रयोगको लगबुक तथा अन्य आम्दानी खर्चको कुनै पनि अभिलेख राखेको छैन । यस वर्ष पालिकाले भौ.नं. ३२३। २०८१।१२।३ बाट उक्त एम्बुलेन्स मर्मतको खर्च बापत साफेबगर अटोपार्टसलाई ६४८७०।०० भुक्तानी गरेको छ । यसरी पालिकाले एम्बुलेन्स मर्मतमा खर्च गरेको तर एम्बुलेन्सको आम्दानी र सेवा प्रवाहको कुनै अभिलेख नराखेकोले यस सम्बन्धमा सम्बद्ध कर्मचारी।पदाधिकारीहरुलाई जिम्मेवार बनाई निश्चित मापदण्ड र कार्यविधि बनाएर मात्र सेवा सञ्चालन गरी आम्दानी खर्चको पारदर्शी एवं व्यवस्थित रुपमा अभिलेख राख्नु पर्दछ ।

३८ **बस सेवा सञ्चालन**

पालिकाले नागरिकहरुलाई सेवा प्रवाह गर्ने उद्देश्यले खरिद गरी आफ्नो स्वामित्वमा रहेका बसहरु सञ्चालन गर्दा निश्चित कार्यविधि बनाएर सञ्चालन गर्नुपर्दछ । पालिका अन्तर्गत विगत वर्षहरुमा नै खरिद गरी सञ्चालनमा ल्याएका २ वटा वसमध्ये एउटा वस विगत २ वर्ष देखि नै विग्रिएर धनगढी सोरुममा रहेको र एउटा वस सञ्चालनमा रहेको पालिकाले जनाएको छ । सञ्चालनमा रहेको बस पालिका रहेको स्थान मेल्लेख देखि साँफेवगर सम्म चल्ने गरेको र यस वर्षको भाडा दर सम्बन्धमा कार्यपालिकाको २०८१।०६।१६ को निर्णयबाट मेल्लेख देखि साँफेबगर सम्म प्रतिव्यक्ति रु.२५०।– तथा अन्य स्थानहरुको समेत विभिन्न दर निर्धारण गरेको छ । गाडी चालकले वसमा यात्रा गर्ने यात्रुहरुबाट रकम संकलन गर्दा नगदी रसीद काटेर रकम असुल गर्ने गरेको देखिन्छ । यस वर्ष चालकले देहाय बमोजिमका १० ठेली नगदी रदीदबाट रु. १०,३५,७०५।०० आम्दानी गरेको विवरण पेश भएको छ । तर वसमा प्रयोग हुने रसिदको नियन्त्रण गर्न गत वर्षका वाँकी रसीद एवं यस वर्ष के कति छपाई गरिएको हो सो खुल्ने गरी रसीद नियन्त्रण खाता नराखेकोले प्रयोग भएका रसिदबारे एकिन गर्न नसकिएकोले संकलन भएको रकम समेत यथार्थपरक भएको सुनिश्चित गर्न सकिएन । वस सञ्चालन सम्बन्धमा कार्यविधि नहुँदा वस चालक श्री सौरत थापाले संकलन गरेको रकमबाटनै बसको इन्धन तथा मर्मतमा खर्च गरी वाँकी रकम मात्र पालिकामा बुझाउने गरेको छ । खर्चका विलको पालिकाले सरकारी लेखा प्रणाली अनुसार अभिलेख समेत राखेको छैन । चालकले यस वर्ष संकलन देखाएको रु.१०,३५,७०५।०० बाट इन्धन तथा मर्मतमा भएको खर्च रु.६,६०,४२२।०० कट्टा गरी रु.३,७५,२८३।– मात्र पालिकामा दाखिला गरेको छ । यस वर्ष उक्त गाडी सञ्चालनका लागि चालकको तलब भत्ता रु.२,७०,२७६।०० सहचालक तलब भत्ता रु.४५,३३३।०० चालकले इन्धन तथा मर्मतमा गरेको खर्च रु.६,६०,४२२।०० तथा पालिकाले उक्त गाडी मर्मतमा गरेको खर्च रु.६४,८७०।०० समेत रु.१०,४०,९०१।०० खर्च भएको देखिन्छ भने कूल आम्दानी रु.१०,३५,७०५।०० देखिन्छ । पालिकाले वस सञ्चालन सम्बन्धमा कार्यविधि वनाई सञ्चालन गर्नुपर्ने र आम्दानी खर्चको स्वीकृत ढाँचामा अभिलेख राखी पारदर्शी एवं व्यवस्थित वनाउनु पर्दछ ।

क्र.स.	रसीद नंवर	प्राप्त आम्दानी
१	३०१-४००	१३९२७०
२	६०१-७००	१०७२८०
३	१००१-११००	१२४१५०
४	७०१-८००	३७७१०
५	१२०१-१३००	१०९१२०
६	२०१-३००	१४२४८५
७	१०१-२००	१२९७२०
८	५०१-६००	३६०७०
९	४०१-५००	१७७६१०
१०	११०१-१२००	३२२९०
	जम्मा	**१०३५७०५**

३९ आय अभिलेख

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ तथा ५९ मा दैनिक तथा वार्षिक रूपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी स्रेस्ता राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले नगदी रसिद छपाई वडाबाट राजस्व असुली गर्ने गरेको नगदी तथा पालिकाले प्रणालीबाट असुल भएको सबै राजश्व आम्दानीको एकीकृत विवरण देखिने गरी दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), प्राप्त सवै राजश्वको गोस्वारा भौचर (म.ले.प.फा. नं. १०३), राजस्व आम्दानीको शीर्षकगत खाता (म.ले.प.फा. नं. १०४), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) राखेको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा. नं. हरू नराखेकोले राजश्वको लेखापरीक्षणबाट प्राप्त हुनुपर्ने सवै राजस्व प्राप्त गरेको र प्राप्त सवै राजस्व बैङ्क दाखिला गरेको एकिन गर्न सकिएन । तसर्थ अनिवार्य रूपमा राख्नुपर्ने खाताहरूको प्रयोग गरी आन्तरिक आयको लेखालाई व्यवस्थित बनाउनुपर्दछ ।

४० रसिद नियन्त्रण खाता

पालिकाले राजश्व असुलीमा प्रयोग हुने रसिदको दुरुपयोग हुन नदिन रसिद नियन्त्रण खाता (म.ले.प.फ.न ९०४) तयार गरी रसिदको व्यवस्थित अभिलेख राख्नु पर्दछ । पालिकाले विभिन्न वडा कार्यालय तथा शाखाहरुलाई नगदी रसिद वितरण गर्दा रसिद नं. उल्लेख गरी भर्पाई गराएर दिने गरेको भएतापनि गतवर्षबाट जिम्मेवारी सरी आएका र यस वर्ष छपाई गरिएका के कति रसिद थिए सो खुल्नेगरी रसिद नियन्त्रण खाता राखेको छैन । यसरी पालिकासँग विगतको वाँकी नगदी रसिद तथा यस वर्ष छपाई भएका रसिदको एकिन अभिलेख नहुँदा यस वर्ष विभिन्न वडा तथा पालिकाको विभिन्न शाखालाई भरपाई गराई उपलव्ध गराएको रसिद मात्र प्रयोग भएको हो भनि सुनिश्चित हुन सकिएन। यसवर्ष पालिकाका विभिन्न वडामा उपलब्ध गराएका रसिद मध्य एकै नंबरका रसिद दोहोरो प्रयोग समेत भएको पाइयो।यसरी एकै आर्थिक वर्षमा एउटै नंबरका रसिदको दोहोरो प्रयोग हुँदा आम्दानी रसिदको सहि र व्यबस्थित प्रयोग भएको छ र सङ्कलन तथा दाखिला भएको राजस्व सहि र यथार्थपरक छ भनि सुनिश्चित हुन समेत सकिएन । तसर्थ पालिकाले कानून बमोजिम रसिद नियन्त्रण खाताको अभिलेख व्यबस्थित गरी वडा कार्यालयहरू तथा पालिकाका विभिन्न शाखाहरुबाट उठेको राजस्व सही र यथर्थ भएको सुनिश्चत गरी राजस्व आम्दानीलाई पारदर्शी बनाउनु पर्दछ ।यसरी एकै नंबरका दोहोरो प्रयोग भएका रसिदका केहि उदाहरण देहाय बमोजिम छन्

क्र.स.	रसिद प्रयोग गर्ने वडा कार्यालय	प्रयोग भएको रसिद नं.	संकलित रकम
१	वडा नंबर ३	१७५१-१८००	१००००
२	वडा नंबर ३	१७५१-१८००	२२१००
३	वडा नंबर १	२३०१-२३५०	३५८०
४	वडा नंबर ५	२३०१-२३५०	४९५०
५	वडा नंबर ६	१८०१-१८५०	१०२५०
६	वडा नंबर १	१८०१-१८५०	३३५०
७	वडा नंबर ७	५५१-६००	५०५६
८	वडा नंबर २	५५१-६००	८१५०
९	वडा नंबर ७	४५१-५००	८५५१
१०	वडा नंबर ४	४५१-५००	१९६६०
११	वडा नंबर ७	३०१-३५०	१६३८०
१२	वडा नंबर ६	३०१-३५०	८३००
१५	वडा नंबर ८	२००१-२०५०	१३८००
१६	वडा नंबर ७	२००१-२०५०	८६००
१७	पालिकाको कार्यालय	४०१-४५०	९३००
१८	वडा नंबर १	४०१-४५०	९२००

४१ आयको क्षेत्र पहिचान

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्र विभिन्न कर शुल्क लगाउने तथा आय ठेक्का व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको छ । तर पालिकाले आफ्नो आयको सबै स्रोतहरू जस्तैः सवारी साधन कर, विज्ञापन कर, कवाडी तथा जीवजन्तु कर, पार्कीङ्ग शुल्क लगायतका करहरूको सम्भावित परिमाण, सङ्ख्या यकिन गरी दर निर्धारण तथा सभाबाट स्वीकृत गरी हुने आय यकिन गरेको छैन । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान तथा असुली प्रभावकारी मान्न सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्रका करदाताहरूको लगत (म.ले.प.फा. नं. ११२) र करदाताको गोस्वारा लगत फारम (म.ले.प.फा. नं. ११३), तयार गरी करयोग्य आय भएका सवैलाई करको दायारामा ल्याउनु पर्दछ ।

४२ स्थानीय सामाग्री उत्खनन् र विक्री

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२क. बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका खोला (बुढी गंगा, सरानी गाड, काँसा गाड लगायत), खोल्सी तथा जमिनबाट संकलन गर्न सकिने स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षण गराएको देखिएन। पालिका क्षेत्रभित्र रहेको विभिन्न परियोजनाका कार्य सञ्चालन गर्न र पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा पालिका क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको निशुल्क प्रयोग हुने स्थिति रहेको देखिन्छ । यसवर्ष पालिकालाई त्यस्ता सामग्रीको विक्रिबाट कुनैपनि रकम प्राप्त भएको देखिएन। अतः पालिकाले आफ्नो क्षेत्र

भित्रका ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी वढाउने तथा उपलब्ध सामग्रीको अव्यवस्थित उत्खनन्, संकलन तथा उपयोग स्थितिलाई व्यवस्थित वनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

४३ **सामुदायिक वनबाट आय**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रभित्र के कति सामुदायिक वन रहेका छन् सो सम्बन्धमा सामुदायिक वनको व्यवस्थित अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन । अतः पालिकाले ऐनमा भएको व्यबस्थाको कार्यान्वियन गर्नुपर्दछ ।

४४ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैला वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ ।फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाले पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

४५ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्र अन्तर्गत के कति सहकारी संस्था रहेका छन् सोको कुनै अभिलेख राखेको एवं अनुगमन निरीक्षण गर्ने गरेको छैन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ पालिकाले आफ्नो क्षेत्र अन्तर्गतका सहकारी संस्थाहरुको अभिलेख राखि ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

४६ **किवी विरुवा वितरण**

सुदुर प्रदेश कृषि डायरीले तोकेको दर अनुसार किवीको कलमी विरुवाको दर प्रति विरुवा १०० रहेकोमा पालिका ले खुला कोटेशनको माध्यमबाट २०५० गोटा विरुवा रु. १६५। का दरले खरिद गरी कान्तिपूर नर्सरी एण्ड कृषि विकास फार्मलाई रु। ३३८२५०। भुक्तानी गरी विभिन्न कृषकहरुलाई वितरण गरेको छ ।जिल्ला दररेटमा किवी विरुवाको दररेट उल्लेख नभएतापनि पालिकाले प्रदेश कृषि डायरीलाई आधार लिइ खरिद गर्नुपर्नेमा विभिन्न फर्मबाट कोटेशन माग गरी खरिद गर्दा रु। १३३२५०। बढी व्ययभार पर्न गएको छ ।यस सम्बन्धमा छलफल गर्दा कृषि डायरी अनुसारको मूल्यमा बजारमा विरुवा प्राप्त नहुने पालिकाले जनाएको छ ।

४७ **PAMS दाखिला नभएकोः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७६ को दफा ९५ मा कार्यालय प्रमुखले प्राप्त जिन्सी सामानहरूको मुल्य खुलाई नेपाल सरकारको २०७७ कार्तिक २० को निर्णय अनुसार सम्पत्ती व्यवस्थापन सफ्टवेयर (PAMS) मा अभिलेख राख्नुपर्ने व्यवस्था छ । गो भौ नं ४०७।२०८१।१२।२८ पालिकाको बाल प्रोफाइल निर्माण गरेवापत ProGuidance Nepal Pvt. Ltd. लाई ७५०००० भुक्तानी गरेकोमा उक्त प्रोफाइल जिन्सी आम्दानी बाँधेको छैन ।पालिका र उक्त परामर्शदाता बीच भएको मिति २०८१।०८।२८ को सम्झौतामा मा ८ वडाकै बाल प्रोफाइलको प्रिन्ट कपी पालिकामा पेश गर्ने उल्लेख गरेकोमा लेखापरीक्षण अवधिसम्म पेश नभएकोले सम्झौता बमोजिम प्रिन्ट कपी पेश हुनुपर्ने रु

प्रमाण पेश नगरेको	७,५०,०००

४८ **सूचना प्रकाशनको भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ ।पालिकाले गो भौ नं २००।२०८१।०९।१७ बाट सूचना प्रकाशन गरेवापत अछाम मिडिया नेटवर्कलाई सूचनाको साइज र

दररेट बेगर एकमुष्ट रु १४६००० भुक्तानी गरेको छ ।साइज बमोजिमको दर निर्धारण गरी भुक्तानी माग एवं खर्च गर्नुपर्नेमा साइज उल्लेख नगरी एकमुष्ट रकम भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु..

अनियमित भएको	१,४६,०००

४९ **पाइप खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने तथा नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने र कार्यालयले नापी किताबमा उल्लेख वास्तविक कार्यसम्पादनको आधारमा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।गो भौ नं ६०३। २०८२।०३।१६ बाट वडा नं ३ का लागि रु. १८७९५२ को पाइप खरिद वापतको भुक्तानी गरेकोमा उक्त पाइपहरु प्रयोग भएको प्राविधिक मूल्यांकन पेश भएको छैन । प्राविधिक मुल्यांकन वेगर भुक्तानी गर्दा कामको प्रभावकारीता नहुने साथै खरिद भएको मालसामानको जडानको प्रमाण पेश नहुँदा वास्तविक कार्य भए नभएको सम्बन्धमा एकिन गर्न नसकिने हुँदा उक्त पाइप जडान कार्यको प्राविधिक पुष्ट्याँई सहितको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,८७,९५२

५० **सवारी साधन भाडा**

सवारी साधन भाडामा लिदा सार्वजिनक खरिद नियमावली २०६४ को नियम १३ बमोजिम भाडामा लिइने सवारी साधनको स्पेशिफिकेशन, अवस्था र आयु प्रचलित बजार दर, भाडामा लिने अवधि, ईन्धनको मुल्य र खपत जस्ता कुराहरुलाई विचार गरी कार्यालय प्रमुख र दक्ष प्राविधिकको समिति गठन गरी सवारी साधन भाडाको लागत अनुमान तयार तथा स्वीकृत गरी खरिद ऐन नियमावली अनुसार प्रतिस्पर्धाबाट लिनुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा लेखापरीक्षण गर्दा कार्यालयले निम्नानुसारका गाडी भाडामा लिई सोझै सम्झौता गरी भुक्तानी दिएको देखियो। भाडाको गाडी प्रयोग गरेको लगबुक, कार्यादेश र प्रतिवेदन पेश नगरेको कारण गाडी कुन काममा प्रयोग गरेको खुलाएको छैन भने कतिपय भाडा खर्च सम्बन्धी भौचरमा कसले प्रयोग गरेको समेत खुलाएको देखिँदैन। यसरी पटके रुपमा प्रयोजन तथा प्रयोगकर्ता समेत नखुलाइ प्रतिस्पर्धा वेगर खरिद गरेको कार्य नियमसम्मत नदेखिएको रु.

गो भौ नं	**विवरण**	**भाडा रकम**
१५९।२०८१।०९।०२	गा पा अध्यक्षलाई मेल्लेख देखि ऋषिदह र ऋषिदह देखि मेल्लेख	११०००
२१३।२०८१।१०।१०	गा पा अध्यक्षलाई मेल्लेख देखि बेलखेत मङ्गलसेन गाज्रारा	४०८००
४७८।२०८२।०१।२५	मेल्लेखबाट ऋषिदह तथा ऋषिदहबाट मेल्लेख	४८०००
६५८।२०८२।०३।२३	उपाध्यक्ष नृप ब खड्का मेल्लेख देखि धनगढी	९०२७०
४२।२०८१।०३।२४	धनगढी देखि मेल्लेख	६००००
२४९।२०८१।१०।१३	गा पा अध्यक्ष र उपाध्यक्ष मेल्लेख देखि धनगढी, धनगढी देखि मेल्लेख	१५७५००
२११।२०८२।०३।२५	मेल्लेख देखि काठमाडौं काठमाडौं देखि मेल्लेख	१२४०००
जम्मा		**५३१५७०**

अनियमित भएको	५,३१,५७०

५१ **नवीकरणमा जरिवाना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३० मा यस ऐन बमोजिम राख्नुपर्ने लेखा ठीकसंग नराखेको कारणबाट कुनै हानी नोक्सानी भएमा त्यसरी हानी नोक्सानी भएको रकम जिम्मेवार व्यक्तिबाट असुल गर्ने व्यवस्था छ । पालिकाले समयमा सवारी नवीकरण नगरेको कारणले नवीकरण दस्तुर भुक्तानी गर्दा जरिवाना रु १०७०० समेत भुक्तानी गरेको छ। समयमै

नवीकरण तथा महसुल भुक्तानी गरी छुट लिनुपर्नेमा जरिवाना सहित भुक्तानी गरेकोले पालिकालाई रु.१०७०० व्ययभार परेको छ । समयमै सवारी साधन नवीकरण गर्नेतर्फ पालिकाले ध्यान पुर्याउनुपर्दछ ।

५२ सिढी निर्माण

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ ।गो भौ नं ४७।२०८१।०६।१४ बाट स्वास्थ्य चौकीमा फलामको सिंढी च्यानल गेट र रेलिङ निर्माण गरेवापत सेलिना ग्रिल तथा स्टील शटर उद्योगलाई रु १५०२०० भुक्तानी गरेकोमा उक्त कार्यको लागत अनुमान र कार्यसम्पन्न भएको प्राविधिक मूल्यांकन पेश भएको छैन । अतः लागत अनुमान र प्राविधिक मूल्यांकन पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,५०,२००

५३ सक्कल बिल

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्याविधि सम्बन्धी व्यवस्था छ जस अनुसार सक्कल विल भर्पाइ संलग्न राखेर मात्र खर्च लेख्नुपर्नेमा निम्न गोश्वारा भौचरहरुबाट फोटोकपी बिलका आधारमा भुक्तानी भएकोले दोहोरो भुक्तानी हुन सक्ने हुँदा यस सम्बन्धमा पालिकाले एकिन गरी सक्कल बिल पेश गर्नुपर्ने रु.

गो भौ नं मिति	**खर्चको विवरण**	**भुक्तानी भएको फर्म**	**भुक्तानी रकम**
१४८।२०८१।०८।२८	भिजिटिङ कार्ड छपाइ	भोलेनाथ छापाखाना एण्ड सप्लायर्स प्रा लि	८५८००
२०।२०८२।०३।२२	माटो परीक्षण	आर के मल्टी ट्रेड एण्ड सप्लायर्स	७३१६०
जम्मा			**१५८९६०**

प्रमाण पेश नगरेको	१,५८,९६०

५४ बाह्य संस्थाबाट तालिम कार्यक्रम

सार्वजनिक खरिद नियमावलीको नियम ९९ मा गैरसरकारी संस्थावाट कार्य गराँउदा त्यस्तो कामको आवश्यकता किसिम समयावधि कामको गुणस्तर तथा लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको र ९९(२) मा गैरसरकारी संस्थाबाट काम गराउँदा नियम १८ वमोजिम मौजुदा सुचिमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तिमा १५ दिनको अवधि दिई राष्ट्रिय स्तर तथा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सुचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गरी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष देहायबमोजिम गैरसरकारी संस्थावाट कार्य गरेकोमा सुचना प्रकाशन नगरी एवम् सम्बन्धित कार्यको नर्म्स वमोजिम लागत अनुमान तयार नगरी गैरसरकारी सस्थाकै लागत अनुमानलाई मुल्यांकनको आधार बनाई कम लागत भएकालाई कार्य गराएको देखिन्छ । यसरी तालिमको नर्म्स अनुसार लागत अनुमान तयार नगरी तथा सुचना प्रकाशन नगरी प्रतिस्पर्धा सिमित हुने गरी खर्च गरेको रकम अनियमित देखिएको रु

भौ नं मिति	**विवरण**	**तालिम सञ्चालन गर्ने संस्था**	**रकम**
३८४।२०८१।१२।१४	टोल विकास संस्थाका पदाधिकारीहरुलाई अभिमुखीकरण	मालिका प्राविधिक शिक्षालय	७९०८८०
२१।२०८१।११।२२	युवाहरुलाई बेसिक कम्प्युटर तालिम	मालिका कम्प्युटर इन्स्टिट्युट	४०००००
जम्मा			**११९०८८०**

अनियमित भएको	११,९०,८८०

५५ मेलमिलापकर्ता तालिम

अर्थ मन्त्रालयद्वारा जारी कार्यसञ्चालन निर्देशिका २०८१ बमोजिम सञ्चालित सबै प्रकारका तालिममा दैनिक ४ सेसन सम्म चलाउन सक्ने, हरेक सेसनको अवधि १.५ घण्टाको हुनुपर्ने र प्रत्येक सेसनको कार्यपत्र संलग्न गरेर मात्र प्रशिक्षण भत्ता भुक्तानी गर्नुपर्ने साथै तालिम सञ्चालन गर्दा खर्चको प्रभावकारिता हुने गरी समेत गर्नुपर्ने उल्लेख छ ।पालिकाले गोश्वारा भौचर नं ६२९।२०८२।०३।१९ बाट

स्वास्थ्य कर्मचारी श्री वीर बहादुर ठकुल्लालाई कार्यक्रम सम्पन्न वापत रु ३२१७८५ भुक्तानी गरेको छ । मेलमिलापकर्ताको तालिम सञ्चालन गर्दा मेलमिलाप परिषदले तोकेको ढाँचाको कार्यतालिका निर्माण तथा सेसन सञ्चालनका साथै कार्यपत्र तयार गरी कक्षा सञ्चालन गर्नुपर्नेमा सो अनुसारको कार्यपत्र समेत संलग्न गरेको पाइएन । कार्यक्रममा खाजा स्टेशनरी वापत रु ५४३४०, सहभागी तथा प्रशिक्षक यातायात वापत रु ५०५००, पदाधिकारी तथा कर्मचारीको सहभागी भत्ता वापत रु २४९००, कानुनी किताब खरिद वापत रु ६६१०५, सहजकर्ता भ्रमण खर्च वापत रु १८४८० र सहभागी तथा प्रशिक्षकलाई भत्ता वापत रु १३२३५० खर्च भएको देखिन्छ । गोश्वारा भौचरसँग सम्बन्धित कागजातबाट कार्यक्रम सञ्चालन भएको अवधि नखुल्नुका साथै कार्यक्रमको कार्यतालिका समेत बनाएको देखिदैन ।तसर्थ आवश्यक प्रकृया तथा प्रमाण नपुर्याइ गरेको तालिम कार्यक्रमको प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु

अनियमित भएको	३,२१,७८५

५६ **लक्षित वर्ग तालिम**

अर्थ मन्त्रालयको सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने निर्देशिका, २०७७ वमोजिम सरकारी रकमखर्च गर्दा मितव्ययीता कायम गर्नुपर्ने उल्लेख छ। कार्यालयले तालिम, गोष्ठी, अभिमुखीकरण, सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दा माग र आवश्यकताका आधारमा कार्यक्रमको प्रकृति र उद्देश्यलाई ध्यानमा राखी विषयवस्तुको छनौट, सहभागीको नामावली संकलन, तालिमको अवधि र मिति तय, विषय विज्ञ/प्रशिक्षकको व्यवस्थापनका साथै तालिम सामग्री तथा तालिम हलको व्यवस्थापनका सम्बन्धमा पुर्वतयारी गर्नु पर्ने हुन्छ । अर्थ मन्त्रालयको कार्य सञ्चालन मापदण्ड बमोजिम समेत तालिम तथा अभिमुखीकरण कार्यक्रम गर्दा स्टेशनरी, खाजा, प्रतिवेदन, प्रशिक्षक भत्ता लगायतका खर्चहरु मापदण्डका आधारमा मितव्ययितापूर्वक गर्नुपर्ने उल्लेख छ । पालिकाले लक्षित वर्ग कार्यक्रम सञ्चालन गर्दा उद्देश्य र प्रकृति भन्दा भिन्न एवं खर्चिलो प्रकारले प्रशिक्षक कानुन व्यवसायीद्वय शिखर कुमार खड्का र एलिसा कुँवरलाई काठमाडौं देखि धनगढी सम्म हवाइ तथा गाडी भाडा,भ्रमण भत्ता लगायतका सम्पूर्ण आवतजावत खर्च बेहोरी देहायका कार्यक्रमहरुसञ्चालन गरेको देखियो ।स्थानीय स्तरमा उपलब्ध सम्बन्धित विषयको प्रशिक्षक तथा विज्ञको रोस्टर कायम गरी कार्यक्रमको उद्देश्य र विषयवस्तु र विषयविज्ञबीचको तालमेल मिलाइ मितव्ययी एवं प्रभावकारी तवरले कार्यक्रम सञ्चालन गर्दा मात्र लक्षित वर्ग लाभान्वित भइ सरकारी खर्चको उच्चतम सदुपयोगको अवस्था सृजना हुने हुँदा यसतर्फ पालिकाले ध्यान पुर्याउनुपर्दछ ।

गा भौ नं मिति	**विवरण**	**कार्यक्रम मिति/ तालिमको विषयसुची**	**प्रशिक्षक पारिश्रमिक खर्च**	**प्रशिक्षकहरुको प्लेन भाडा**	**कुल खर्च**
२९।२०८२।०१।२५	दलित समूदायलाई जातीय विभेद अन्त्यका लागि सशक्तिकरण कार्यक्रम	नखुलेको	८०००	३१६००	११८५००
३७।२०८२।०३।०३	किशोर किशोरीहरुलाई क्षमता विकास अभिमुखीकरण कार्यक्रम	२०८२।०१।१५ र २०८२।०१।१६	२५६००	-	१०००००
४०।२०८२।०३।२२	गाउँपालिका बालविवाहमुक्त पालिका घोषणा कार्यक्रम	नखुलेको	१२८००	३१६००	३०००००

५६.१ अर्थ मन्त्रालयद्वारा जारी कार्यसञ्चालन निर्देशिका २०८१ बमोजिम सञ्चालित सबै प्रकारका तालिम दैनिक ४ सेसन सम्म चलाउन सक्ने, हरेक सेसनको अवधि १.५ घण्टाको हुनुपर्ने र प्रत्येक सेसनको कार्यपत्र संलग्न गरेर मात्र प्रशिक्षण भत्ता भुक्तानी गर्नुपर्ने उल्लेख छ ।किशोर किशोरीहरुलाई क्षमता विकास अभिमुखीकरण कार्यक्रम २ दिन सञ्चालन भएकोमा प्रशिक्षकद्धय शिखर कुमार खड्का र एलिसा कुँवरलाई २ दिनको ४ सेसनका दरले कुल ८ सेसनको रु १२८०० भुक्तानी दिनुपर्नेमा रु १६०० का दरले १६ सेसनको रु २५६०० भुक्तानी दिएकोले बढी भुक्तानी भएको कर कट्टी पछिको रकम सम्बन्धितबाट असुल गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१०,८८०

५६.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ।गो भौ नं २९ र ४० को कार्यक्रममा शिखर कुमार खड्का र एलिसा कुँवरको हवाई भाडा वापत रु ६३२०० भुक्तानी गरेकोमा बोर्डिङ पास पेश भएको छैन । तसर्थ हवाई यात्रा गरेको पुष्टि हुने बोर्डिङ पास पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु

प्रमाण पेश नगरेको	६३,२००

५७ **पदाधिकारीको स्वास्थ्य परीक्षणः**

सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन २०७६ को दफा १२ मा पदाधिकारीदले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ ।गो भौ नं ४३।२०८१।०७।११ बाट पालिकाले काठमाडौंको फुड डायबिटिज हार्ट क्लिनिक एण्ड रिसर्च सेन्टर प्रा.लि.मा नर्मल सुगर टेस्ट, थाइरायड लगायत विभिन्न किसिमको स्वास्थ्य परीक्षण गराएवापत गाउँपालिका अध्यक्ष श्री ज्वालासिंह साउदलाई रु ३४६०० शोधभर्ना गरेको देखियो । पदाधिकारीलाई स्वास्थ्य परीक्षणको शोधभर्ना सम्बन्धी कुनै पनि सुविधा उपलब्ध हुने व्यवस्था ऐनमा उल्लेख छैन । नियममा नभएको सुविधा भुक्तानी सम्बन्धितबाट असुल गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३४,६००

५८ **एकल महिला लक्षित कार्यक्रम**

वाक नेपाल र वर्ल्ड भिजन इन्टरनेशनल नेपालको साझेदारीमा सञ्चालित "एकीकृत उत्थानशील जीविकोपार्जन तथा पोषण परियोजना" अन्तर्गत पालिकाका विभिन्न वडामा वाक नेपाल मार्फत दर्ता भएका गरीब तथा विपन्न बालबालिकाहरुका परिवारका सदस्यहरुलाई लक्षित गरी सम्बन्धित वडाको समन्वयमा जीविकोपार्जनका लागि बाख्रा वितरण गर्ने कार्यक्रम अन्तर्गत नमुना नागरिक फर्मलाई भुक्तानी गरेको छ। यस सम्बन्धी अन्य व्यहोरा निम्न बमोजिम रहेका छन् ।

५८.१ विभिन्न ३ वडाबाट यस कार्यक्रमका लागि बाख्रा खरिद वापत नमुना नागरिक बाख्रा फार्मलाई रु १७१८३० भुक्तानी खर्च भएको छ । पालिकासँग साझेदारी गरेर कार्यक्रम गर्ने सम्झौतामा उल्लेख गरेकोमा गरीब तथा विपन्न लाभग्राही छनौटको विधि र प्रकृया, बाख्रा वितरण कार्यक्रममा वाक नेपालको लागत सहभागिता, लाभग्राहीले व्यवसायिक रुपमा उक्त बाख्रा पालन गरे नगरेको र उक्त कार्यक्रमबाट विपन्नको आर्थिक उन्नति भए नभएको विषयमा साझेदार संस्थाबाट कुनै प्रतिवेदन पेश भएको पाइएन ।अतः लाभग्राही छनौटको प्रकृया, लागत साझेदारीको प्रमाण र प्रतिवेदन पेश गरी नियमित गर्नुपर्ने रु.

गो भो नं मिति	वडा नं	भुक्तानी रकम
३३२।२०८१।१२।०४	५	१०१८३०
३८६।२०८१।१२।१५	१	५००००
४५६।२०८२।०१।१३	३	२००००
जम्मा		**१७१८३०**

अनियमित भएको	१,७१,८३०

५८.२ गो.भौ.नं. ३३२।२०८१।१२।०४ बाट सोही कार्यक्रमको भुक्तानीको श्रेस्तामा वडा नं ५ मा उक्त कार्यक्रमको लागि भएको त्रिपक्षीय सम्झौताको २ प्रति संलग्न गरेर लागत बढी देखाएकोमा रु. ५८४० बढी भुक्तानी भएकोले सम्बन्धित फर्मबाट असूल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	५,८५०

५९ **पुस्तक खरिद**

1.

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मेलमिलाप तथा न्याय सम्पादन सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्दा कानुन सम्बन्धी पुस्तक खरिद वापत प्रशिक्षकलाई रु ६६१०५ भुक्तानी गरेको छ। उक्त पुस्तकहरु पालिकाले जिन्सी आम्दानी गरेको देखिएन । तसर्थ खरिद गरिएका पुस्तकहरु पालिकाको PAMS मा जिन्सी दाखिला भएको प्रमाण पेश हुनुपर्ने अन्यथा प्रशिक्षकलाई पुस्तक खरिद वापत भुक्तानी भएको रकम असुल हुनुपर्ने रु

प्रमाण पेश नगरेको	६६,१०५

६० **अन्य संस्थालाई सहयोग**

अधिकार प्राप्त अधिकारीले सार्वजनिक कोषबाट खर्च गर्दा आफुलाई वा कुनै खास व्यक्ति वा वर्गलाई फाईदा पुग्ने गरी सरकारी धन खर्च नगरी प्रभावकारीता तथा मितव्ययितालाई ध्यानमा राखी खर्च गर्नुपर्दछ ।नमुना छनौटका आधारमा पालिकाको श्रेस्ता परीक्षण गर्दा देहायका राजनीतिक दल सम्बद्ध संस्थालाई आर्थिक सहयोग गरेको देखियो ।पालिकाको बजेटलाई स्थानीय क्षेत्रको विकास एवं जनतालाई सेवा प्रवाह गर्न उपयोग गर्नुपर्नेमा राजनितिक दलका निकटका संघ संस्थालाई सहयोग गर्नु उपयुक्त देखिएन।यस प्रकारको सहयोग गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

गो भौ नं मिति	सहयोग प्राप्त गर्ने संस्था	रकम
७६।२०८१।०८।०२	अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन	४५०००
९४।२०८१।०८।०५	क्रान्तिकारी कम्युनिष्ट पार्टी	१५०००
४७७।२०८२।०१।२५	नेकपा एमाले मेल्लेख	४५०००
४५८।२०८२।०१।२३	नेकपा माओवादी पार्टी	४००००

६१ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनुपर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान नगरेको, कतिपय औषधीको एक्स्पायरी मिति र ब्याच नम्बर नखुलाएको र खरिद समिति वा विज्ञबाट तोकिएको स्पेशिफिकेसन अनुसार भए नभएको मुचुल्का खडा गरी दाखिला गरेको छैन ।त्यसै गरी पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।पालिकाले संघीय सरकार सशर्त चालु तथा गाउँपालिका चालु शीर्षकबाट देहाय बमोजिमको औषधी खरिद गरेको छ ।

गो भौ नं मिति	विवरण	आपूर्तक	भुक्तानी रकम
४८।२०८१।०८।२१	विभिन्न २८ प्रकारका आयुर्वेद औषधी	कुन्देश्वर आयुर्वेद फार्मेसी	१८९९००
११२।२०८२।०२।०१	विभिन्न ४ प्रकारका औषधी	स्काइ मेडिको सप्लायर्स	९९४००
२१८।२०८२।३।१९	आमा सुरक्षातर्फ क्याल्सम ट्याब्लेट खरिद	के एम फार्मेसी	३०००००
२४३।२०८२।३।२४	विभिन्न १५ प्रकारका औषधी	स्काइ मेडिको सप्लायर्स	३६९९००
१५।२०८१।०६।१८	विभिन्न ३ प्रकारका सर्जिकल सामान	प्रशान्त सर्जिकल हाउस	९९२५९
१६।२०८१।०६।१८	विभिन्न ३ प्रकारका औषधी	स्काइ मेडिको सप्लायर्स	१९९९४०
३६४।२०८२।१२।१२	विभिन्न ४ प्रकारका औषधीजन्य किट	के एम फार्मेसी	६१५२०
४४१।२०८१।१२।१८	मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत १८ प्रकारका औषधी	डेभिड मेडिको फर्मा	५९६००
जम्मा			**१३७९५१९**

६२ **क्लबलाई सहयोग**

महालेखा नियन्त्रक कार्यालयको आ व २०७९।८० बजेट कार्यान्वियन सम्वन्धी परिपत्रको बुदा नं ङ (३) कुनै पनि भुक्तानी गर्नुपर्ने रकम बैंक खाता मार्फत सम्वन्धितको नामको बैक खातामा EFT मार्फत भुक्तानी हुनु पर्ने ब्यवस्था गरेको छ।पालिकाले गो भौ नं १२४। २०८१।०८।२३ बाट भलीबल खेल सञ्चालनका लागि रामस्मृति युवा क्लबलाई सहयोग वापतको रकम रु १५०००० भुक्तानी गर्दा सम्बन्धित क्लबको खातामा EFT मार्फत भुक्तानी दिनुपर्नेमा क्लबका अध्यक्ष प्रेम बहादुर बोहोरा लाई भुक्तानी गरेको छ । यसै गरी सोही खेल सञ्चालनका लागि गो भौ नं १३०।२०८१।०८।२५ बाट क्लबका सचिव गोकुल बोहोरालाई रु ८०००० भुक्तानी गरेको छ । यसरी संस्थागत सहयोगको रकम व्यक्तिलाई भुक्तानी दिँदा सरकारी कोषको सदुपयोग/दुरुपयोगको अवस्था नखुल्ने हुँदा उक्त भुक्तानी नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२,३०,०००

६३ **भिडियो डकुमेन्टरी निर्माण**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ ।त्यसै गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ५७ मा बिल या बिजकको भुक्तानी खरिद सम्झौताको अधिनमा रही तोकिए बमोजिम दिनुपर्ने व्यवस्था छ ।पालिकाले मिति २०८०।११।२९ मा अनलाइभ मिडियाका तर्फबाट सविता बुढासँग आर्थिक वर्ष २०८०।८१ देखि ८१।८२ सम्म गाउँपालिकाले गरेका केही महत्वपूर्ण कामबारे अडियो भिडियो सामग्री उत्पादन तथा प्रसारण गर्ने सम्झौता गरेको छ । सम्झौताको दोस्रो पक्षले पालना गर्नुपर्ने नियमको बुँदा नं १ मा गाउँपालिकाले गरेका महत्वपूर्ण कामबारे १० देखि २० वटा अडियो भिडियो सामग्री उत्पादन गरी सामाजिक सञ्जाल र विभिन्न सञ्चार माध्यममा प्रसारण गर्ने उल्लेख गरेपनि प्रत्येक अडियो भिडियोको प्रसारणको समयाअवधि कति मिनेटको हुने भन्ने सम्झौतामा खुलाएको छैन।सम्झौता बमोजिमका अडियो भिडियोहरु प्रसारण भए नभएको प्रमाण हेर्दा सामाजिक सञ्जालमा ३० मिनेट, २५ मिनेट, ८ मिनेट लगायत फरक फरक समयावधि भएका ९ भिडियो मात्र अपलोड भएको देखियो । त्यसै गरी बुँदा नं ७ मा दोस्रोपक्षले काम सम्पन्न भएपश्चात सबै अडियो भिडियो सामग्री एक प्रति गाउँपालिकालाई दिने उल्लेख भएकोमा गाउँपालिकामा अडियो भिडियोको सुरक्षित कपी पेश भइ जिन्सी आम्दानी बाँधेको देखिएन । अतः पालिकाले सम्झौता बमोजिम अडियो भिडियोको सुरक्षित कपी जिन्सी दाखिला गराइ नियमित गर्नुपर्ने रु

अनियमित भएको	९,४०,०००

६४ **शिक्षक अनुदान**

अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकलाई तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७६ मा विद्यार्थी संख्याका आधारमा हिमाल, पहाड तथा तराईका विद्यालयहरुमा तोकीएको विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गर्नुपर्ने, शिक्षक दरबन्दी अपुग भएमा जिल्लामा पुल दरबन्दीमा रहेका अन्य स्थानीय तहबाट मिलान गर्नुपर्ने र सो गर्दा समेत अपुग भएमा प्रदेश मन्त्रालयको समन्वयमा प्रदेश भित्रका जिल्लाका पुल दरबन्दीबाट मिलान गर्नुपर्ने उल्लेख छ। पालिकाले यस वर्ष दरबन्दी मिलानका उल्लेखित प्रक्रिया पालना नगरी संघीय सरकारबाट प्राप्त दरबन्दी बराबरको शिक्षक पदपुर्ती भएको अवस्थामा समेत पालिकास्तरबाट नै तलबभत्ता उपलब्ध गराउने गरी विद्यालयमा पालिका अनुदान शिक्षक नियुक्त गरी समानीकरण अनुदानबाट चाडपर्व खर्च समेत रु २८१९८३३७। खर्च गरेको छ ।पालिकाको आन्तरिक आय रु २९५९४७२।९८ मात्र रहेकोमा दीर्घकालिन दायित्व सिर्जना हुने गरी ठुलो मात्रामा करार नियुक्ति गरी तलब भत्ता खर्च लेख्नु उचित देखिदैन । पालिकाले शिक्षकको आवश्यकता परिचय एवं दरबन्दी मिलान गरी शिक्षक तलब भत्तामा हुने खर्च नियन्त्रण गर्नुपर्दछ ।

६५ पदाधिकारी भ्रमण

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी तथा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नुपर्ने उल्लेख छ । नियम १८ को उपनियम १ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्चको बिल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक विल भरपाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको र नियम २३ को उपनियम १ मा नियमावली अनुसार पाउने सुविधा लिने प्रयोजनको लागि भ्रमण गर्ने कुनै पदाधिकारी वा कर्मचारीले झुट्टा विवरण पेश गरी भुक्तानी लिएको ठहरेमा झुट्टा विवरण पेश गरी भुक्तानी लिएको रकमको दोब्बर रकम निज सरकारी सेवामा रहेको भए निजले पाउने तलबबाट कट्टा गरी लिईनेछ र निजलाई कारबाही समेत गरिने व्यवस्था रहेको छ ।पालिकामा पदाधिकारी तथा सदस्यको दैनिक भ्रमण भत्ता बापत रु. ३,४२,८०० खर्च भएको देखिन्छ । कन्टिन्जेन्सी तथा अन्य सशर्त अनुदानको कार्यक्रम तर्फबाट समेत खर्च भुक्तानी भएकोले पदाधिकारी तथा सदस्यको दैनिक भ्रमण भत्तामा थप खर्च भएको देखिन्छ । भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण खर्च नियमावलीले व्यवस्था गरे बमोजिम भ्रमणको प्रयोजन र उद्देश्य उल्लेख नगरेको, भ्रमण प्रतिवेदन र भ्रमण काजमा गएको पुष्टी हुने थप प्रमाण कागजात, फोटो पेश नगरी भुक्तानी दिएको देखिन्छ । यस आधारमा पदाधिकारी तथा सदस्यहरु कार्यालयको कामको सिलसिलामा भ्रमण गएको हो भन्ने पुष्ट्याई हुने पार्याप्त आधार देखिएको छैन । यस बर्ष पालिकाको जम्मा आन्तरिक आय रु २९५९४७२.९८ को तुलनामा ११.५ प्रतिशत रकम दैनिक भ्रमण भत्तामा खर्च भएको देखिन्छ । पालिकाले पदाधिकारी तथा सदस्यलाई कार्यालयकै कामको सिलसिलामा गरेको भ्रमणको दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा उद्देश्य र प्रयोजन, भ्रमण स्थान र स्पष्ट भ्रमण अवधि खुले नखुलेको सम्बन्धमा एकिन गरेर मात्र भुक्तानी गर्नुपर्दछ ।

६६ करार कर्मचारी

६६.१ **पारश्रमिक खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले स्वास्थ्य तथा अन्य गाउँपालिका करारका विभिन्न पदमा ६२ कर्मचारीहरु राखी रु.१,५५,५४,०००।– पारिश्रमिक खर्च लेखेको छ ।

६६.२ **दरबन्दी बाहिर करार कर्मचारीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदका कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । तर पालिकाले दरबन्दी बाहिर कर्मचारीहरु नियुक्त गरी सहायक कम्प्युटर अपरेटरलाई मासिक रु २५००० र खेल प्रशिक्षकलाई मासिक रु ३२९०२। का दरले वार्षिक रु ७७२७२६ भुक्तानी खर्च लेखेको छ ।यसरी ऐनको व्यवस्था विपरीत असम्बन्धित पद श्रृजना गरी तलब भत्ता भुक्तानी गर्नु अनियमित देखिएको रु.

अनियमित भएको	७,७२,७२६

६७ **धरौटी फिर्ता**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२४(२) मा कार्यालयले रिटेन्सन मनि फिर्ता भुक्तानी गर्दा सम्बन्धित आपूर्तिकर्ता, निर्माणव्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले देहाय वमोजिमका निर्माण व्यावसायीको धरौटी फिर्ता गर्दा करचुक्ता प्रमाणपत्र मात्र समावेश गरेको छ ।मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाणपत्र पेश नभएकोले मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

सि. न.	निर्माण व्यवसायिको नाम	आ. व.	फिर्ता रकम(रु.)
१	एल आर के डिजाइन एण्ड सप्लायर्स प्रा.लि.	२०८०।८१	२२५७४८
२	एस.पि. कन्स्टक्सन	२०७९।८०	१४३७९०
३	विन्धेवासिनी निर्माण सेवा	२०७९।८०	२६६०२८
		जम्मा	६३५५६६

प्रमाण पेश नगरेको	६,३५,५६६

६८ **सेनिटरी प्याड खरिद**

सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ३, अनुसूची-१ मा पालिकाले खरिद गर्ने सेनिटरी प्याडको साइज न्यूनतम लम्बाई २४०+ २० एमएम चौडाई ६० देखि ७५ एम एम र मोटाइ १५ + २ एमएम हुनुपर्ने छ । त्यसैगरी दफा ४ मा स्थानीय तहले खरिद गरेका सेनिटरी प्याड सुरक्षित भण्डारण गर्नुपर्ने, दफा ५ मा सेनिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने र दफा २१ मा यस कार्यक्रमको कार्यान्वियनको प्रगती विवरण मन्त्रालयले तोकेको ढाँचामा चौमासिक रुपमा विद्यालयले स्थानीय तहमा र स्थानीय तहले प्रदेश सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्ने उल्लेख छ । पालिकाले भौ. नं १४५। २०८२।१।२१ बाट १७२२० प्याकेट सेनिटरी प्याड रु.९,९८,६०० मा खरीद गरी बुढिगंगा फार्मेसिलाई तथा भौचर नं २०९। २०८२।३।१७ बाट १६५० प्याकेट सेनिटरी प्याड रु.९५,६८६।- मा खरिद गरी रिदान मेडिकन्सर्नलाई भुक्तानी गरेको छ । यसरी पालिकाले चौथो त्रैमासिकमा विना प्रतिस्पर्धा २ पटक खुल्ला कोटेशनको माध्यमले रु.१०,९४,२८६।-को सोझै खरिद गरेको छ । खरिद गरिएका सेनिटरी प्याडको वीजकमा २४० एमएम उल्लेख भएता पनि कार्यविधिमा तोकिएको सबै मापदण्ड तथा स्पेशीफिकेशन अनुसार भए नभएको सम्बन्धमा सेनिटरी प्याड प्राप्त गरी दाखिला गर्दा सम्बन्धित विज्ञ सहित खरिद समितिबाट मुचुल्का उठाइ दाखिला गरेको देखिएन । त्यसैगरी खरिद गरिएका सेनिटरी प्याड मध्ये २०८२ वैशाख २३ देखि असार २० सम्म विभिन्न ९ विद्यालयलाई ७२०० प्याकेट वितरण गरी ११६७० प्याकेट पालिकामै मौज्दात रहेको देखियो ।पालिकाले सेनिटरी प्याड खरिद तथा वितरण गर्दा कार्यविधिमा तोकिएको मापदण्ड अनुसारको गुणस्तर सुनिश्चित गरी उचित भण्डारण एवं कार्यविधिमा तोकिएका अन्य प्रक्रिया समेत पालना गर्नुको साथै प्रतिस्पर्धात्मक विधि अवलम्बन गरी खरिद गर्नुपर्छ ।

६९ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन,२०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १८० मिति २०७६।५।१८ को परिपत्र (तलबी प्रतिवेदन सम्बन्धमा) को बुँदा नम्वर ४ मा स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका स्थायी ३४ कर्मचारीको रु.२,६४,४९,१२४।०० र पालिका तर्फका स्थायी १६ कर्मचारीको रु.१,२३,०४,८१८।०० समेत रु.३,८७,५३,९४२।०० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगर्दा खर्च लेख्न पाउने भन्दा बढी तलब, भत्ता, ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

७० **शीर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम १ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमका भौचर बाट एक शीर्षकमा विनियोजन भएको रकमबाट अर्कै शीर्षकमा खर्च गरेको देखिएकोले उक्त खर्च नियम सम्मत नदेखिएको रु.

भौ.नं मिति	विनियोजन भएको शिर्षक।कार्यक्रम	खर्च गरेको शीर्षक	रकम
२२३। २०८२।३। १९	स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत स्वीकृत दरबन्दी अनुसारको तलब, भत्ता र पोशाक	ल्यापटप खरीद	१७४५००
२२४। २०८२।३। १९	स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत स्वीकृत दरबन्दी अनुसारको तलब, भत्ता र पोशाक	विभिन्न मसलन्द तथा कार्यालय सामान खरिद	३९८८९०
२७५। २०८२।३। २५	वहुक्षेत्रिय पोषण कार्यक्रम पोषण सहजकर्ताको पारिश्रमिक	दैनिक भ्रमण भत्ता	२६५००
जम्मा			५९९८९०

अनियमित भएको	५,९९,८९०

७१ **बाख्रा श्रोत केन्द्र कार्यक्रम**

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका पशुपंछी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यक्रम कार्यविधि,२०८१ को बुँदा नंवर १०.२.७ मा वाख्रा प्रवर्द्धन कार्यक्रमवारे उल्लेख भएको र सोही कार्यक्रमका लागि वजेट व्यवस्था भए अनुसार पालिकाले यस वर्ष गंगाधन कृषि तथा पशुपन्छी फर्म बाट ४ वटा प्रजनन् योग्य खरी क्रस वोका तथा ३० वटा प्रजनन् योग्य खरी जातका वाख्रा रु.४,२०,०००।– मा खरीद गरी छनोट भएका विभिन्न कृषक समूह अन्तर्गतका पशुपालक कृषक तथा फर्मलाई सम्झौता गराई वितरण गरेको भरपाई पेश भएको छ । यसरी कृषक समूह/फर्मलाई सम्झौता गरी वितरण गरिएका बोका तथा बाख्राको अनिवार्य विमा गराउनु पर्ने प्रावधान सम्झौतामा राखेको नपाइएकोले विमा गरे नगरेको यकिन हुन सकेन । त्यसैगरी खरिद गरिएका वाख्रा तथा बोकाहरु प्रजनन योग्य खरी जातका भनिएकोमा सम्बन्धित पशु चिकित्सकवाट प्रमाणित गरेको समेत देखिएन । पालिकाले यस किसिमका कार्यक्रम सञ्चालन गर्दा अनिवार्य रुपमा वीमा गराउनु पर्ने, वितरित प्रजनन योग्य बाख्रा तथा वोकाहरु बेच विखन गर्न एवं मास्न नपाउने लगायतका प्रावधान सम्झौतामा उल्लेख गरी त्यसको प्रभावकारी अनुगमन गर्नुपर्ने देखिन्छ । साथै, खरिद गरिएका बाख्रा तथा बोकाहरु तोकिएको जात अनुसार भए नभएको समेत प्रमाणित हुनुपर्दछ ।

७२ **स्थानीय भत्ता**

अर्थ मन्त्रालयको च.न. ६८ मिति २०७१।५।२ को सबै मन्त्रालयलाई जारी गरेको परिपत्र अनुसार स्थानीय तहमा रहि काम गर्ने कर्मचारीलाई अनुसूची-४ मा तोकिए वमोजिमको स्थानीय भत्ता पाउने उल्लेख छ । उक्त व्यस्था अनुसार सदरमुकामबाट ६ कोष वा सो वाहिर काम गर्ने राजपत्र अनंकित द्वितीय श्रेणीका कर्मचारीले मासिक रु.४६०० स्थानीय भत्ता पाउने उल्लेख छ । पालिकाले उपचारको क्रममा २०८० श्रावण देखि मंसिरसम्म धनगढीमा रहेको अनमी संगीता नगर्ची (निजको निवेदन अनुसार) लाई सो अवधीको स्थानीय भत्ता वापत रु.२३०००।– भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२३,०००

७३ **सिंचाई पाइप वितरण**

भौ.न. २३५।२०८२।२।२० प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ को परिच्छेद-७ को ७.१ मा परियोजनाबाट उपलब्ध हुने सेवा सुविधाबारे उल्लेख भए अनुसार साना सिँचाइ पूर्वाधार तर्फ ८५ प्रतिशत सम्म मात्र अनुदान दिन मिल्नेमा बढी अनुदान दिएको रकम असुल गर्नुपर्ने रू.

कृषक समूह/फर्म	वितरित पाइप	जम्मा मूल्य	लागत सहभागिता हुनुपर्ने रू.
वेतालमाडौं कृषि सहकारी समूह	३०० मी.20 एमएम	१७६२८	२६४४

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-८** को निर्णयले रू **५,०१७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-८** को निर्णयले रू **२,६४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-८** को निर्णयले रू **२,५०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२,६४४

७४ **सुन्तला विजु विरुवा वितरण**

भौ.नं २३३।०८२।३।२० प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वियन म्यानुअल २०७७ को परिच्छेद-७ को ७.१ मा परियोजनाबाट उपलब्ध हुने सेवा सुविधाबारे उल्लेख भए अनुसार कृषि उत्पादन सामाग्री (विउ,वेर्ना, विरुवा, माछाभुरा, पशुनश्ल लगायत) मा ५० प्रतिशत अनुदान दिने उल्लेख छ । पालिकाले नयाँ सुन्तला पकेट विकास कार्यक्रम सञ्चालन अन्तर्गत जिवना कृषि फलफूल नर्सरी तथा पशुपंक्षी फर्म सल्यानबाट सुन्तला, कागती र मौसमीका विजु विरुवा प्रतिगोटा रु.४५ का दरले १०४५० गोटा विरुवा रु.४,७०,२५०।- मा खरीद गरी देहायबमोजिमका फर्म तथा कृषकलाई (ढुवानी कार्यालयबाट व्यहोरेको) लागत सहभागिता नलिई वितरण गरेको छ । म्यानुअलमा भएको प्रावधान अनुसार ५० प्रतिशत मात्र अनुदान दिन सकिनेमा सत प्रतिशत अनुदान दिएकोले सम्बन्धितबाट ५० प्रतिशतले हुने रु.२३५१२५।- असुल गर्नुपर्ने रु.

क्र.स.	फर्म/समूह/कृषक	विरुवा संख्या	जम्मा रकम	बढी भुक्तानी रु.
१	श्री नविन कृषि तथा पशुपन्छी फर्म	८००	३६०००	१८०००
२	श्री हरियाली कृषक समूह	१०००	४५०००	२२५००
३	श्री बेतालमाण्डौं कृषि सहकारी समूह	३००	१३५००	६७५०
४	श्री संघर्शील कृषक समूह	२५०	११२५०	५६२५
५	श्री जनक कृषि तथा पशुपन्छी	७५०	३३७५०	१६८७५
६	श्री अनु मल्टी सप्लायर्स प्रा.लि.	८२५	३7१२५	१८५६२
७	श्री अनिल कृषि तथा पशुपन्छी फर्म	४२०	१८९००	९४५०
८	श्री प्रकाश कृषि तथा पशुपन्छी फर्म	५००	२२५००	११२५०
९	श्री गंगाधर कृषि तथा पशुपन्छी फर्म	६५०	२९२५०	१४६२५
१०	श्री गोल्डेन कृषि तथा पशुपन्छी फर्म	३००	१३५००	६७५०
११	श्री दिपेश कृषि तथा पशुपन्छी फर्म	६००	२७०००	१३५००
१२	श्री पी.आर बहु उद्वेशिय कृषि तथा पशु पन्छी फर्म	२८०	१२६००	६३००
१३	श्री टाउक खर्क कृषि तथा पशुपन्छी फर्म	३५०	१५७५०	७८७५
१४	विभिन्न ४२ जना कृषक	३४२५	१५४१२५	७७०६३
	जम्मा	**१०४५०**	**४७०२५०**	**२३५१२५**

असुल गर्नुपर्ने	२,३५,१२५

७५ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१३) अनुसार भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित नगरी अ.न.मी. संगीता नगर्चीलाई गत वर्ष श्रावण देखि मंसिर सम्मको तलब भत्ता वापत रु. ३०५८९३।– भुक्तानी गरेको छ । निज कर्मचारीको २०८१।६।१० को निवेदन अनुसार गत वर्ष श्रावण १ देखि मंसिर सम्म धनगढीमा वसी उपचार गराएको र तलब भत्ता लिन छुटेको उल्लेख छ । तसर्थ, निज कर्मचारीको उक्त अवधिको स्वीकृत विदाको प्रमाण संलग्न गरी नियमित गर्नुपर्ने देखिएको रु.

अनियमित भएको	३,०८,८९३

७६ **बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-८** को निर्णयले रू **२,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७७ **पाठ्यपुस्तकमा वढी निकाशा**

शिक्षा तथ मानव श्रोत विकास केन्द्र सानोठिमी बाट जारी भएको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नंवर २.४.६.२ मा सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदानको व्यवस्था गरेको छ । उक्त व्यवस्था अनुसार पाठ्यपुस्तक वापतको निकासा मध्ये नमूना छनोटका आधारमा परीक्षण गरिएका विद्यालयमध्ये जनता माध्यामिक विद्यालयलाई बढी

निकासा भएको रु.१९५६२।– लेखापरीक्षणको क्रममा बेरुजु औल्याएपछि असुली गरी दाखिला भएको छ । तसर्थ पालिकाले अन्य विद्यालयहरुमा समेत यसरी बढी निकासा गरेको भए यकिन गरी असुल गराउनु पर्दछ ।

७८ **सामाजिक तथा आर्थिक लेखापरीक्षण**

शिक्षा तथा मानवश्रोत विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा जारी गरिएको कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नंवर २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत प्रत्येक विद्यालयले विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ अनुसार अनिवार्य रुपमा सामाजिक परीक्षण गर्ने व्यवस्था मिलाउने एवं विद्यालयले आर्थिक लेखापरीक्षण स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराउने समेत उल्लेख छ । पालिकाले यस वर्ष पालिका अन्तर्गतका ९ माध्यामिक विद्यालयलाई रु.१५०००।- का दरले रु. १,३५,०००।-तथा ३२ आ.वि.लाई रु.१०,०००।– का दरले रु.३,२०,०००।– समेत रु.४५०००।- सामाजिक तथा आर्थिक लेखापरीक्षणका लागि निकाशा गरेको छ । विद्यालयहरुले आर्थिक वर्ष २०८०।८१ को सामाजिक तथा आर्थिक लेखापरीक्षण गराई प्रतिवेदन पेश गरेको भएतापनि आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण प्रतिवेदन पेश भएको छैन । कार्यविधि अनुसार आर्थिक वर्ष २०८१।८२ को समेत लेखापरीक्षण गराई प्रतिवेदन पेश गर्नुपर्दछ ।

७९ **मूल्य अभिवृद्धि कर**

मुल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६ग बमोजिम सरकारी निकायले ठेक्का वा करार बापतको रकम भुक्तानी गर्दा कर रकमको ३०% रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गर्नुपर्ने व्यवस्था छ | पालिकाले देहायका फर्म/संस्थाहरुलाई सम्झौता अनुसारको विल भुक्तानी गरेको मूल्यअभिवृद्धि कर रकमको ३० प्रतिशतले हुने रु.५१२८१।०० कट्टा नगरी भुक्तानी गरेकोले मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

(विस्तृत विवरण बेरूजु दफा ७९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	५१,२८१

८० **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम पालिकाका अन्तर्गत ८ वडामा तोलीपाटा मन्दिर तथा पदमार्ग निर्माण, माडुपताल गवानी नवाघर हुँदै वडा कार्यालय सम्म सडक मर्मत, बालोदय लुयाटा नाली मर्मत निर्माण मेल्लेख बजार देखि चौखुट्टे सम्म सडक नाली मर्मत १६ योजना सञ्चालन गरी यस वर्ष ८६ जनालाई औसत १०० दिनले रोजगारी उपलव्ध गराई रू .४२७५२०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार वडा स्तरबाट छनौट भई आएका योजनाहरु कार्यान्वियन भएको नभएको नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

८१ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

८२ **निर्माण कार्यको गुणस्तर**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा निर्माण कामको गुणस्तर कायम गर्न ठेक्काको बि.ओ.क्यू.मा गुणस्तर परीक्षणको लागि रकम समाबेश गरी लागत अनुमान तयार गर्ने र सोही अनुसार निर्माण ब्यबसायीहरुले गुणस्तर परिक्षण गरेको आधारमा भुक्तानी गर्ने गरिएको छ । तर सो रकमबाट गर्नु पर्ने जति सबै परीक्षण गराउनुपर्नेमा गराएको छैन । निर्माण व्यवसायीबाट Quality Assurance Plan पेश गराउनुपर्नेमा गराएको पाइएन । गुणस्तर परिक्षणको लागि सिलबन्दी नमुना संकलन गर्नुपर्नेमा खुला रुपमा गर्ने गरेको छ । ल्याब प्रतिवेदनमा समेत प्राप्त भएको नमुनाको मात्र परिक्षण भएको भन्ने शब्दावली प्रयोग गरी जिम्मेवारीबाट पन्छिने काम गरेको छ । स्पेशिफिकेशनको आधारमा तोकीएको संख्यामा क्यूव,डण्डी,बालुवा,गिट्टी,सिमेन्ट लगायत निर्माण सामाग्रीहरुको परीक्षण गर्नुपर्दछ ।

८३ **स्थानीय दररेट निर्धारण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै तोकी सक्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म पनि ऐनमा व्यवस्था भए अनुसार न्यूनतम दररेट निर्धारण नगरेकोले ऐनमा भएको व्यवस्था अनुसार स्थानीय दररेट कायम गर्नुपर्दछ ।

८४ **कन्टेन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि कुल लागतको २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्चको व्यवस्था गरी खर्च गर्न सकिने व्यवस्था छ। पालिकाले यस वर्ष सञ्चालित निर्माण योजनाबाट ४ प्रतिशतका दरले कन्टेन्जेन्सी कट्टी गर्ने गरेकोमा वार्षिक रुपमा के कति रकम कट्टी गरेको हो सो सम्बन्धी अभिलेख खाता राखेको पाइएन । जसबाट खर्च रकम पनि नियमावलीमा भएको व्यवस्था अनुसार नै खर्च भएको सम्बन्धमा एकिन हुन सकिएन । पालिकाले कन्टेन्जेन्सी खाताको व्यवस्था गरी सोही अनुसार खर्च गर्नुपर्दछ ।

८५ **गत वर्षको दायित्व**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम २ मा कार्यालयले चालु आर्थिक बर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्नु हुँदैन भन्ने ब्यबस्था गरेको छ । प्रचलित नियम अनुसार बजेट भन्दा बढी खर्च भएको अबस्थामा आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । पालिकाले यस वर्ष चालु खर्च तर्फ बिभिन्न कार्यक्रममा रु.२०३१७४१२।०० र पूँजीगत तर्फ ४५ कार्यक्रममा रु.१९९४९९९०।०० समेत रु.४०२६७४०२।०० बिभिन्न व्यक्ति, संस्था, उपभोक्ता समिति, फर्महरुलाई भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष (२०८१।८२) को बजेटमा नै कार्यक्रमको नाम उल्लेख गरी विगत वर्षको बाँकी रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्ने व्यबस्था मिलाउनु पर्दछ ।

८६ **बजेट विनियोजन बेगर खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा बिनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शिर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमाभित्र रहेको, स्वीकृत लागत र खर्चको सीमाभित्र रही कार्यक्रम सञ्चालन गरिएको सुनिश्चित गरेर मात्र रकम खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले गत आर्थिक वर्ष २०८०।८१ मा बजेट विनियोजन नभएका देहाय बमोजिमका योजनामा बजेट खर्च गरी आर्थिक वर्ष २०८१।८२ को लागि भुक्तानी बाँकी दायित्व शिर्षक अन्तर्गत सोही योजना तथा कार्यक्रम राखि बजेट विनियोजन गरी रु.२७९५१४०।०० भुक्तानी गरेको छ । यस सम्बन्धमा गत बिगत बर्षहरुको लेखापरीक्षण प्रतिबेदनमा ब्यहोरा उल्लेख गरेकोमा स्थिति यथावत रहेको

पाईयो । यसरी विगत वर्षमा बजेट नै विनियोजन नभएको कार्यक्रममा बजेट खर्च गरि भुक्तानी बाँकीको दायित्व शिर्षकमा बजेट ब्यबस्था गरी खर्च गर्ने परिपाटी नियमसम्मत नदेखिएकोले यस प्रकारको खर्च गर्ने परिपाटीमा पूर्ण रुपमा नियन्त्रण हुनुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ८६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

८७ बजेट भन्दा बढीका योजना

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम २ मा कार्यालयले चालु आर्थिक बर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्नु हुँदैन भन्ने ब्यबस्था गरेको छ । तर पालिकाले देहायका योजनाहरुमा बजेट बिनियोजन भन्दा बढी वा बहुबर्षिय श्रोत सुनिश्चितता बिना लागत अनुमान तयार गरी ठेक्का वा उपभोक्ता समितिबाट निर्माण काम गराएको पाइएकोले नियमसम्मत देखिएन । यसरी निर्माण काम गराउँदा बजेटको अभावको कारण निर्माण काम अधुरो हुने तथा समयमा काम सम्पन्न नभएको अवस्था रहेको छ । बजेट भन्दा बढी रकमको काम गराउँदा भुक्तानी दायित्व प्रत्येक बर्ष बढ्दै गईरहेको अबस्था देखिएकोले यसरी काम गराउने परिपाटिमा सुधार हुनुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ८७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

८८ ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ५.१० देखि ४८.६७ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मसका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

कामको विवरण	**ठेक्का न**	**निर्माण ब्यवसयिको नाम**	**लागत इस्टिमेट**	**सम्झौता रकम**	**घटि प्रतिशत**
कुश्कोट लिफ्टिङ्ग खा.पा.	डब्ल्यू।५।०८१।८२	पि.के.बि.निर्माण सेवा सिन्धुपालचोक	२९३१८००३	२७८२१७०८	५.१०
वडा नं.५ वडा कार्यालय भवन	बि।४।०८१।८२	जे.एस.कन्स्ट्रक्शन अछाम	१६२७९२७३	८३५५९८३	४८.६७
कुश्कोट स्वा.चौ.भवन निर्माण	बि।१।०८१।८२	सि.बि.आर.कन्स्कट्रक्सन अछाम	८७१६३७२	६१९७९०३	२८.८९
सतमुल(सरानी) पार्क निर्माण	डब्ल्यू।३।०८१।८२	बर्षा निर्माण सेवा अछाम	८५०७७९८	७६६८५००	९.८७
सुगुरदह पार्क निर्माण	डब्ल्यू।२।०८१।८२	बर्षा निर्माण सेवा अछाम	१०३८१३१७	८००१३४६	२२.९३

८९ औद्योगिक ग्राम निर्माण

८९.१ पालिकाले यस वर्ष औद्योगिक ग्राम पूर्वाधार निर्माण कार्यक्रममा रु१ करोड १६ लाख बजेट विनियोजन भएकोमा औधोगिक क्षेत्र भवन निर्माण,भवन रंगरोगन,घेरापर्खाल तथा गेट निर्माण,रिटेनिङ्ग वाल निर्माण,सुयडी रष्टिक स्टोर तथा भवन मर्मतको काम उपभोक्ताबाट गराई रु.७७३०१०९।०० र ह्यूम पाइप सहित रिटेनिङ् वाल निर्माण कोटेशनबाट गराई रु.९८७८७०।०० समेत कुल रु.८७१७९७९।०० खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

८९.२ **कार्यबिधि बिपरित उपभोक्ता समितिबाट निर्माण:** बिशेष अनुदान सम्बन्धी कार्यबिधि २०८१ को दफा नं. ९ को उपदफा २ मा बिशेष अनुदान प्राप्त रकमबाट उपभोक्ता समितिबाट काम गराउन नपाइने ब्यबस्था रहेको छ ।साथै सार्वजनिक खरिद नियमावली, २०६४ को

नियम ९७ को उपनियम १(क) मा एक करोड रुपैंयासम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर,ओभरहेड,कन्टिजेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समाबेश हुनेछ भन्ने प्राबधान रहेको छ । पालिकाले गत बिगत बर्ष देखि औद्योगिक ग्राम निर्माण गर्दै आइरहेकोमा यस बर्ष बिनियोजित बजेटबाट जनसहभागिताको अंश समेत रु.१७०४९४७५।०० को लागत अनुमान तयार गरी बिभिन्न ५ वटा उपभोक्ता समितिहरुबाट काम गराएकोमा २ वटा समितिको काम सम्पन्न भएको र ३ वटा उपभोक्ता समितिको काम सम्पन्न हुन बाँकी देखिएकोमा ति उपभोक्ताहरुलाई यस बर्ष रु.७७३०१०९।०० भुक्तानी गरेकोले सिमा भन्दा बढी रकमको काम उपभोक्ता समितिबाट गराएको नियमसम्मत देखिएन । सार्वजनिक खरिद नियमावली अनुसार उपभोक्ता समितिले सम्झौता अनुसार तोकिएको काम समयमा सम्पन्न गर्नुपर्ने अनिवार्य ब्यबस्था गरेको कारण उपभोक्ता समितिहरुलाई म्याद थप गर्न नपाइने भएतापनि निर्माण काम समयमै सम्पन्न नगरी अधुरो राखेको देखियो । त्यस्तै बिशेष अनुदान सम्बन्धी कार्यबिधि बिपरित हुने गरि पालिकाले देहाय अनुसारका ५ वटा उपभोक्ता समितिबाट काम गराई रु.७७३०१०९।०० भुक्तानी दिएको नियमसम्मत नभएको रु.

गो.भौ.नं.र मिति	भुक्तानि रकम	लागत अनुमान उपभोक्ताको अंश समेत	प्राबिधिक मूल्यांकन	योजनाको नाम	उ.स.अध्यक्ष	सम्झौता मिति	सम्पन्न गर्ने मिति	कैफियत
३०।०२। ३।५	११३१८६९	६३७६५४८	१४३७८४१	औद्योगिक क्षेत्र भवन निर्माण	टेक बहादुर साउँद	०८२। १।११	०८२। ३।३०	सम्पन्न नभएको
३१। ०८२। ३।२५	१८३३८४२	२४०४५३३	२३९१६९५	औद्योगिक क्षेत्र भवन रंगरोगन,शौचालय मर्मत	खगेन्द्र बुढा	०८२। १।११	०८२। ३।३०	सम्पन्न
१६,२७। ०८२। ३।२५	१३४७१३०	२९१९१८७	१७५९०२३	औद्योगिक क्षेत्र घेरापर्खाल तथा गेट निर्माण	सुरत साउँद	०८१। ११।५	०८२। ३।१५	सम्पन्न नभएको
२९। ०८२। ३।२५	१०२०३९८	२३९८१७१	१२९६२४६	औद्योगिक रिटेनिङ्ग वाल तथा खानेपानी निर्माण	बिर बहादुर साउँद	०८२। १।२०	०८२। ३।२०	सम्पन्न नभएको
२८। ०८२। ३।२५	२३९६८७०	२९५१०३६	२९४७९०८	सुयडि रष्टिक स्टोर तथा भवन मर्मत	एकेन्द्र साउँद	०८२। १।१२	०८२। ३।२५	सम्पन्न
जम्मा	**७७३०१०९**	**१७०४९४७५**	**९८३२७१३**					

अनियमित भएको	७७,३०,१०९

८९.३ विवरण पेश नभएको- औद्योगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी निर्देशिका, २०७५ को बुँदा नं. १२क(३) मा औद्योगिक ग्राम निर्माणको लागि रकम उपलब्ध गराउनु अघि मन्त्रालयले सम्बन्धित स्थानीय तहसँग त्यस्तो रकम उपलब्ध गराउने विधि तथा शर्त र औद्योगिक ग्राम निर्माण तथा विकास सम्बन्धी अन्य व्यवस्था समेत संलग्न गरी लागत सहभागिता सम्झौता गर्नुपर्ने उल्लेख छ । पालिकाले लेखापरीक्षणको क्रममा मन्त्रालयसँग भएको सम्झौता पेश नगरेकोले खर्च रकम सम्झौता अनुसार नै भएकोमा एकिन गर्न सकिएन । अनुदान रकम सम्झौताको शर्त अनुसार नै खर्च भएको देखिने प्रमाण र सम्झौता सम्बन्धी कागजात पेश गर्नुपर्दछ । त्यस्तै बुँदा नं. १२क (२) मा औद्योगिक ग्रामको कुल निर्माण लागतको चालीस प्रतिशत वा तीन करोड मध्ये जुन कम हुन्छ सो रकम मन्त्रालयले औद्योगिक ग्राम घोषणा भएका स्थानीय तहलाई उपलब्ध गराउने उल्लेख छ । पालिकाले औद्योगिक ग्राम निर्माणको डिपिआर पेश नगरेको तथा हालसम्म औद्योगिक ग्राममा के कति रकम खर्च भयो सोको विवरण नराखेबाट उक्त औद्योगिक ग्राममा पालिकाको र मन्त्रालयको साझेदारीको हिस्सा सम्बन्धमा एकिन नभएको ब्यहोरा गत बर्षको लेखापरीक्षण प्रतिबेदनमा औल्याईएकोमा स्थिति यथावत रहेको छ ।

९० **रकम फिर्ता(झो.पु.)**

अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ८ मा बित्तिय अनुशासन सम्बन्धी व्यवस्था रहेको छ । प्रदेश तथा संघ सरकारबाट स्थानीय तहलाइ प्राप्त हुने अनुदान रकम मध्ये समपुरक योजनाहरुमा आनुपातिक रुपमा खर्च गर्नुपर्ने प्राबधान रहेको छ । त्यस्तै अगलिगाड दोभान कालापाल्ता झाडिगाउरा झोलुङ्गे पुल निर्माणको लागि आर्थिक बर्ष २०८०।८१ मा तयार भएको कुल लागत अनुमान रु.४६२३७०१।०० मा पालिकाले १३ प्रतिशत रु.६०१०८२।००,उपभोक्ता समितिले २ प्रतिशत रु.९२४७४।०० र बाँकी रकम रु.३९३०१४५।०० संघिय सरकारले ब्यहोर्ने गरी प्राबधान राखेको पाईयो । उक्त झोलुङ्गे पुल निर्माणको पार्टसहरु बाहेक उपभोक्ता समितिबाट गत आर्थिक बर्ष प्रथम रनिङ्ग बिल रु.५६३१५०।०० मध्ये उपभोक्ताको योगदान रु.२३११८।०० कट्टा गरी बाँकी रकम संघीय सरकारको बजेटबाट रु.५४००३१।०० भुक्तानी तथा यस बर्ष निर्माण कामको दोश्रो र अन्तिम बिल वापत रु.१७८६४७३।०० मध्ये संघिय पूँजिगतको गो.भौ.नं.११ र २५ मिति २०८२।१।२४ बाट रु.१२०००००।०० र गाउँपालिका पूँजिगतको गो.भौ.नं. ७३।२०८२।१।२४ बाट रु.५१७१००।०० गरि गत बर्षको समेत रु.२२५७१३१।०० भुक्तानी भएको देखियो । कुल भुक्तानी मध्ये गाउँपालिकाले रु.६०१०८२।०० बेहोर्नुपर्नेमा रु.५१७१००।०० बेहोरेकोले पालिकाले कम बेहोरेको रकम रु.८३९८२।०० (संघीय बजेटबाट भुक्तानी गरेको) संघीय संचितकोषमा फिर्ता गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	८३,९८२

९१ **सडक कालोपत्रे**

९१.१ पालिकाले जिरो प्वाइन्ट नन्देगडा दुल्पात मेल्लेख षोडशा ऋषिदह सडक निर्माण ठेक्का नं.आर।१।०७८।७९ भएको निर्माण काम गर्न निर्माण व्यवसायी श्री बानियाँ नाती जे.भी.सँग २०८०।३।१६ मा सम्पन्न गर्ने गरी २०७८।९।५ मा रु.१२९१९९३०२।० को सम्झौता गरी निर्माण कार्य गराएकोमा चालु आर्थिक वर्षमा नवौं रनिङ्ग बिलको प्राबिधक मूल्यांकन मिति २०८१ मंसिर महिनामा भएकोमा सो भन्दा एक महिना पहिल्यै अर्थात मिति २०८१।७।८ गते गौ.भौ.नं.१२ बाट रु.१००००००००।०० पेश्की नजनाई भुक्तानी दिएको पाइएकोले कामको नापी तथा प्राबिधिक मूल्यांकन नहुँदै भुक्तानी दिनु नियमसम्मत देखिएन । यस आर्थिक बर्ष २०८१।८२ सम्म रु.११७०९०२८१।०० भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

९१.२ खरिद सम्झौताको अन्त्यः सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ मा खरिद सम्झौता अनुसारको काम र प्रगती नगरेमा खरिद सम्झौता अन्त्य गरी खरिद नियमावलीको नियम १२८ अनुसार पूर्व निर्धारित क्षतिपूर्ती लगाउने, खरिदकर्ताको प्रतिस्थापन गर्ने, कार्य सम्पादन जमानत प्राप्त गर्ने र बाँकी काम सम्झौता प्राप्त गर्नेबाट गराई दफा ६३ अनुसार कालो सुचीमा राख्न लेखि पठाउने समेतका कारवाहीहरु गर्ने व्यवस्थाहरु छन।तर ठेक्का नं.आर।१।०७८।७९ रहेको जिरो प्वाइन्ट नन्देगडा दुल्पात मेल्लेख षोडशा ऋषिदह सडक निर्माणको काम शुरु म्याद १८ महिना र म्याद थप ६ महिना गरि २४ महिना एवम म्याद समाप्त भएको ६ महिना अबधि समाप्त भई सकेतापनि निर्माण कामको वित्तिय प्रगति ८५.८३ प्रतिशत र भौतिक प्रगति ८०.९१ प्रतिशत सकिएको पाईयो । निर्माण ब्यबसायीबाट काम गर्न ढिलासुनस्ती भएको अबस्थामा यी कारवाहीहरु गर्नु पर्नेमा सो कानुनी जिम्मेवारी पुरा नगरेको कारण ठेक्का सम्पन्न गर्ने अवधी लम्बिन गई ठेक्काको कामबाट प्राप्त हुनु पर्ने सेवा प्राप्त हुन सकेको अबस्था छैन ।तसर्थ प्रचलित कानून तथा सम्झौताको शर्त बमोजिम निर्माण कार्यको कारबाही टुङ्ग्याउनु पर्दछ ।

९१.३ म्याद थप: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा काबु बाहिरको परिस्थिति,सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने अबस्था परेमा, खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तीमा २१ दिन अगावै कार्यतालिका सहित आवश्यक पुष्ट्याई र प्रमाण कागजात संलग्न गरी निबेदन दिनुपर्ने र निबेदन प्राप्त भए पश्चात अधिकार प्राप्त अधिकारीले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा वा गराउँदा निर्माण ब्यबसायीले दिएको पुष्ट्याई र कारण उचित लागेमा म्याद थप गर्न सक्ने ब्यबस्था रहेको छ ।पालिकाले ठेक्का नं.आर।१।०७८।७९ भएको कामको नियमावलीले गरेको व्यवस्था विपरित निर्माण व्यवसायीले म्याद थपको लागि दिएको निवेदनको आधारमा स्पष्ट आधार र प्रमाण वेगर एक मुष्ट रुपमा गाउँ कार्यपालिकाको मिति २०८१।३।२३ को निर्णयानुसार मिति २०८१ मंसिर मसान्तसम्मको लागि तेश्रो पटक म्याद थप गरेको भनी गत आर्थिक बर्षको प्रतिबेदनमा औल्याएको देखिन्छ । उक्त सडक निर्माण कामको म्याद थप गरेको र निर्माण ब्यवसायीले

काम सम्मपन्न समेत नगरेको कारण काम अधुरो रहेको हुनाले पालिकाले सम्झौताको शर्त एवम प्रचलित कानून बमोजिम ठेक्का फरफारक गर्नुपर्दछ ।

९१.४ कार्यसम्पादन जमानत - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० अनुसार कार्यसम्पादन जमानतकोमान्य अवधि निर्माण कार्यको त्रुटि सच्चाउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने व्यवस्था छ । पालिकाले ठेक्का नं.आर।१।०७८।७९ भएको कामको ठेक्का अवधि तेस्रो पटक समेत गरी मिति २०८१ मंसिर मसान्त सम्म थप गरेकोमा निर्माण व्यवसायिले पेश गरेको कार्यसम्पादन जमानत रकम रु.३३०७५०००।० को म्याद २०८१ चैत्र १ सम्म रहेको हुदाँ जमानतको म्याद नपुग भएको भनी म्याद थपको लागि पालिकाले मिति २०८२।२।१२ गते पत्राचार गरेको भएतापनि कार्यसम्पादन जमानतको म्याद थप नभएकोले जमानतको म्याद थप गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	३,३०,७५,०००

९१.५ **पेश्की जमानतको म्याद:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा निर्माण व्यवसायीलाई सम्झौता बमोजिम पेश्की दिदाँ पेश्की रकम खाम्ने गरी निर्माण व्यवसायीले सम्झौता बमोजिम काम नगरेमा सार्वजनिक निकायले अनुरोध गरेपछि तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने गरी बाणिज्य बैंकबाट जारी भएको बैंक जमानतको म्याद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । ठेक्का नं.आर।१।०७८।७९ भएको जिरो प्वाइन्ट नन्देगडा दुल्पात मेल्लेख षोडशा ऋषिदह सडक निर्माणको काम गर्ने श्री बानियाँ नाती जे भी ले प्राइम कमर्सियल बैंकबाट जारी भएको पेश्की जमानत रु.११२५९२३१।०० को मान्य अवधी मिति २०८१।८।१ (२०२४ नोभेम्बर १५) सम्म मात्र म्याद रहेको हुदाँ पेश्की जमानतको म्याद समाप्त भएको ७ महिना भइ सकेको कारण फछ्र्यौट हुन बाँकी पेश्की रु.७१६७०७५।०० जोखिममा परेकोले प्रचलित कानून अनुसार म्याद थप गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	७१,६७,०७५

९१.६ **धरौटी कट्टी कम भएको:** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम एवम उपनियम ४ मा रनिङ्ग बिल भुक्तानी गर्दा रिटेन्सन मनी बापत रनिङ वा अन्य बिल वा बीजकमा उल्लिखित रकमको ५ प्रतिशत धरौटी रकम कट्टा गर्नुपर्ने ब्यबस्था रहेको छ । ठेक्का नं.आर।१।०७८।७९ भएको काम श्री बानियाँ नाती जे भी लाई आई.पि.सि.नं.९ को रनिङ बिल रकम रु.१७८९५३४१।०० (मू.अ.कर बाहेक रु.१५८३६५८४।००) गो.भौ.नं.१२।२०८१।७।८ र २१।२०८१।८।५ बाट भुक्तानी भएकोमा धरौटी रु.७९१८२९।०० कट्टा गर्नुपर्नेमा रु.२२१२३९।०० मात्र कट्टा गरेकोले नपुग धरौटी रु.५७०५९०।०० असुल गरी धरौटी खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	५,७०,५९०

९१.७ **अग्रिम आयकर कट्टी कम भएको:** आयकर ऐन,२०५८ को दफा ८८ अनुसार सार्वजनिक निकायले भुक्तानीमा १.५ प्रतिशत रनिङ वा अन्य बिल वा बीजकमा उल्लिखित रकमको ५ प्रतिशत अग्रिम आयकर कट्टा गर्नुपर्ने ब्यबस्था रहेको छ । ठेक्का नं.आर।१।०७८।७९ भएको काम श्री बानियाँ नाती जे भी लाई आई.पि.सि.नं.९ को रनिङ बिल रकम रु.१७८९५३४१।०० (मू.अ.कर बाहेक रु.१५८३६५८४।००) गो.भौ.नं.१२।२०८१।७।८ र २१।२०८१।८।५ बाट भुक्तानी भएकोमा अग्रिम आयकर रु.२३७५४८।०० कट्टा गर्नुपर्नेमा रु.६६३७२।०० मात्र कट्टा गरेकोले नपुग अग्रिम आयकर रु.१७११७६।०० असुल गरी संघीय संचितकोषमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१,७१,१७६

९१.८ **मू.अ.कर कट्टी कम भएको:** मूल्य अभिबृद्धि कर नियमावली, २०५३ नियम ६ (ग) अनुसार सार्वजनिक निकायले रकम भुक्तानी गर्दा मू.अ.कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा दाखिला गरी बाँकी रहने मू.अ.कर वापतको रकम मात्र भुकतानी गर्नुपर्ने ब्यबस्था रहेको छ । ठेक्का नं.आर।१।०७८।७९ भएको काम श्री बानियाँ नाती जे भी लाई आई.पि.सि.नं.९ को रनिङ बिल मू.अ.कर रु.२०५८७५६।०० समेत कुल रु.१७८९५३४१।०० गो.भौ.नं.१२।२०८१।७।८ र २१।२०८१।८।५ बाट भुक्तानी भएकोमा ३० प्रतिशत मू.अ.कर ६१७६२६।०० कट्टा गर्नुपर्नेमा रु.१७२५६७।०० मात्र कट्टा गरेकोले उक्त भुक्तानीको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	४,४५,०५९

९२ सुरक्षित नागरिक आवास

सुरक्षित नागरिक आवास कार्यान्वियन कार्यबिधि,२०७५ को दफा ७ मा नागरिक आवासबाट लाभान्वित ब्यक्तिले प्राप्त हुने अनुदान रकमबाट निर्माण सम्पन्न पश्चात प्राबिधिक कर्मचारीबाट उक्त निर्माण कामको प्राबिधिक प्रतिबेदन पेश भएपछि अनुदान रकम उपलब्ध गराउन सकिने प्राबधान राखेको छ । पालिकाबाट प्राप्त बिबरण अनुसार देहाय अनुसारका लाभग्राहीहरुलाई आवास निर्माणको लागि प्रथम तथा दोश्रो किस्ता रकम वापत जम्मा रु.३०९९५९९।०० उपलब्ध गराएकोमा आवास निर्माण सम्पन्न गरी सो खर्चको बिल भरपाई सहित प्राबिधिक प्रतिबेदन पेश हुनुपर्दछ ।

वडा नं	**आ.व. २०८०।०८१**		**आ.व.२०८१।०८२**		**जम्मा किस्ता**	
१	७	१७५०००	१	२५५६४	प्रथम किस्ता ७ दोस्रो किस्ता १	२००५६४
२	७	१७५०००	०		प्रथम किस्ता ७ दोस्रो किस्ता ०	१७५०००
३	७	१७५०००	५	८६५३२	प्रथम किस्ता ७ दोस्रो किस्ता ५	२६१५३२
४	१६	४०००००	१४	२२६०९०	प्रथम किस्ता १६ दोस्रो किस्ता १४	६२६०९०
५	२५	६२५०००	१२	१९७६२५	प्रथम किस्ता २५ दोस्रो किस्ता १२	८२२६२५
६	१०	२५००००	७	१२३१३४	प्रथम किस्ता १० दोस्रो किस्ता ७	३७३१३४
७	९	२२५०००	६	११४७११	प्रथम किस्ता ९ दोस्रो किस्ता ६	३३९७११
८	७	१७५०००	७	१२५९४३	प्रथम किस्ता ७ दोस्रो किस्ता ७	३००९४३
	जम्मा रकम	**२२०००००**		**८९९५९९**		**३०९९५९९**

९३ निर्माण कामको बिमा

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक बीस लाख रुपैंया भन्दा बढी मूल्यको निर्माण काम गर्ने निर्माण ब्यबसायीले निर्माण सामाग्री,प्रयोग गरिने मेशिन,औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च एवम तेश्रो पक्ष र जनशक्तिहरुको समेत त्रुटि सच्याउने अबधी समेत खाम्ने गरी बिमा गराउनुपर्ने ब्यबस्था रहेको छ । पालिकाबाट गत बिगत बर्षहरु र यस बर्ष ठेक्का ब्यबस्थापन भई निर्माण काम भई सकेका तथा भइ रहेका कामहरुको नियममा ब्यबस्था

भए अनुसार बिमा नगरेको,बिमा गरेको भएपनि शुरु अबधिदेखि नगरी धेरै पछि देखि गरेको,सम्पूर्ण पक्षको बिमा नगरेको र पूरै अबधि खाम्ने गरी बिमा नगरेको जस्ता कैफियत देखिएको छ । निर्माण ब्यबसायीहरुले पूरै अबधीको बिमा नगर्ने एवम सम्पूर्ण पक्षको बिमा नगरेको अबस्थामा बिमा वापत सम्पूर्ण रकम भुक्तानी दिन मिल्ने देखिदैन । यस तर्फ पालिकाले ध्यान दिई सुधार गर्नुपर्दछ ।साथै नियम तथा ठेक्काको शर्त बमोजिम सम्पूर्ण पक्ष समेटेर शुरु अबधिदेखी त्रुटी सच्याउने अवधिसम्मको बिमा गरेको पोलिसी तथा प्रिमियम बुझाएको बिजक पेश गर्नुपर्दछ ।

ठेक्का नं.	**निर्माण ब्यबसायीको नाम**	**२०८१।८२ सम्म भुक्तानी**	**गत बिगतमा बिमा भुक्तानी**	**यस बर्ष बिमा भुक्तानी**	**बिमा गरेको मिति**	**बिमाको अबधि**	**बिमा प्रिमियम बुझाएको रकम**	**बढी भुक्तानी प्रिमियम**	**कैफियत**
बि।१।०७९।८०	कौशिक।नन्देगडा जि.एण्ड जे. जे.भि.काठमाडौं	४३९५०१५०	०	८१०८३५	२०८१।१०।२३	२०८२।१०।२०	८४५१३१	०	बिमा मिति २०७९।९।२१ देखि गर्नुपर्नेमा २ बर्ष ढिलो गरेको
डब्ल्यू।२।०८१।८२	बर्षा निर्माण सेवा अछाम	७४२८५३६	०	०	०	०	०	०	बिमा नगरेको
डब्ल्यू।३।०८१।८२	बर्षा निर्माण सेवा अछाम	६८४४५०२	०	०	०	०	०	०	बिमा नगरेको

९४ **पन्ध्र शैया अस्पताल निर्माण**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ मा खरिद सम्झौता अनुसारको काम र प्रगती नगरेमा खरिद सम्झौता अन्त्य गरी खरिद नियमावलीको नियम १२८ अनुसार पूर्व निर्धारित क्षतिपूर्ती लगाउने, खरिदकर्ताको प्रतिस्थापन गर्ने, कार्य सम्पादन जमानत प्राप्त गर्ने र बाँकी काम सम्झौता प्राप्त गर्नेबाट गराउन सकिने लगायतका ब्यबस्थाहरु रहेको छ । पालिकाले ठेक्का नं.बि।१।०७९।८० बाट पन्ध्र शैया अस्पताल निर्माण गर्न कौशिक।नन्देगडा जि.एण्ड जे.जे.भि.काठमाडौंसँग मिति २०८२।९।८ गते (३ बर्ष) सम्पन्न गर्ने गरी रु.१६२७५०७९४।०० मा मिति २०७९।९।२१ गते सम्झौता भएकोमा आर्थिक बर्ष २०७९।८० मा रु.१४४०००००।०० पेश्की लिई २ वर्षसम्म अर्थात ६६ प्रतिशत समय ब्यतित भई सक्दा समेत निर्माण काम नगरी पेश्की मात्र लिएको पाइयो । चालु बर्ष प्रथम देखि चौथों रनिङ्ग बिलसम्म रु.४३९५०१५०।०० भुक्तानी भएको भएतापनि निर्माण सम्पन्न गर्नुपर्ने समय अबधी ८६ प्रतिशत समाप्त भई सक्दा समेत भौतिक प्रगति ५.५६ प्रतिशत मात्र भएको देखिएकोले निर्माण ब्यबसायीले पेश गरेको कार्यतालिका बमोजिम काम हुन सक्ने अबस्था देखिदैन । तसर्थ निर्माण ब्यबसायीले लामो समयसम्म पेश्की लिई काम नगरेकोले ऐन,नियम तथा सम्झौताको शर्त बमोजिम पूर्बनिर्धारित क्षतिपूर्ति लगाई म्याद थप गरी निर्माण सम्पन्न गराउने तर्फ पहल गर्नुपर्दछ ।

९५ **पेश्की जमानतको म्याद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा निर्माण व्यवसायीलाइ सम्झौता बमोजिम पेश्की दिदाँ पेश्की रकम खाम्ने गरी निर्माण व्यवसायीले सम्झौता बमोजिम काम नगरेमा सार्वजनिक निकायले अनुरोध गरेपछि तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने गरी बाणिज्य बैंकबाट जारी भएको बैंक जमानतको म्याद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । ठेक्का नं.बि।४।०८१।८२ भएको वडा नं. ५ कार्यालय भवन निर्माणको काम गर्ने श्री जे.एस.कन्स्ट्रक्सन अछामले राष्ट्रिय वाणिज्य बैंक लम्कीबाट जारी भएको पेश्की जमानत रु.८०००००।०० को मान्य अवधी मिति २०८२।४।५ सम्म मात्र म्याद रहेको कारण पेश्की रु.८०००००।०० जोखिममा परेकोले जमानतको म्याद थपको प्रमाण पेश हुनुपर्ने अन्यथा प्रचलित कानून अनुसार असुल उपर गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	८,००,०००

९६ **बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-८** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९७ **बिल भरपाई पेश नभएको**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल,भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुग वा नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने ब्यबस्था गरेको छ । पालिकाको देहाय वमोजिम बैंक नगदी किताब अनुसार रु.१०८५३८५।०० खर्च लेखांकन गरेकोमा गोश्ववरा भौचर लगायतका बिल भरपाई पेश नभएको रु.

शिर्षकको नाम	**गो.भौ.नं.र मिति**	**रकम**	**बिबरण**
भुक्तानी बाँकी दायित्व पूँजिगत	१४।२०८१।६।१४	५००००	कालिका मा.बि.कक्षाकोठा व्यवस्थापन
भुक्तानी बाँकी दायित्व पूँजिगत	५२।२०८१।९।१६	५००००	थापागाउँ भवन निर्माण वडा नं. ८
गा.पा.पूँजिगत	१३।२०८१।७।११	३६२९८५	एलि कन्स्ट्रक्सन पालिका सडक मर्मत
गा.पा.पूँजिगत	४२।०८१।११।९	२०१४००	लबिका बिल्डर्स
गा.पा.पूँजिगत	१८६।२०८२।३।२२	४३००००	तोतिपाटा मन्दिर तथा पदमार्ग निर्माण उ.स.
जम्मा		**१०९४३८५**	

प्रमाण पेश नगरेको	१०,९४,३८५

९८ **नमुना विद्यालय**

९८.१ कार्यक्रम कार्यान्वयन कार्यबिधि २०८१।८२ को बुँदा नं.२.३.१७ को क्रियाकलाप नं. ११.१.२.२९८६ अनुसार नमुना विद्यालयको रुपमा छनौट भएको विद्यालयलाई अनुदान उपलब्ध गराउदाँ विद्यालय र स्थानीय तह विच सम्झौता गरी पहिलो किस्ताको रुपमा ३० प्रतिशत रकम अनुदान दिने, Structural Part को कार्य सम्पन्न भए पश्चात दोस्रो किस्ताको रुपमा कुल अनुदान रकमको ५० प्रतिशत रकम अनुदान दिने र कार्य सम्पन्न गरे पश्चात नापी किताब भरी कार्यसम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रूपमा कुल अनुदान रकमको २० प्रतिशत रकम अनुदान दिने व्यवस्था छ। पालिकाले श्री जनता नमुना माध्यमिक विद्यालयसँग सम्झौता गरी रू.९९८५३६०।०० र शैक्षिक गुणस्तर अन्तर्गत सामाग्री खरिद गर्न रु.३५३९६५४।०० निकासा गरेको देखियो। उक्त वजेट विद्यालयलाई उपलब्ध गराउँदा विगत वर्षमा भएको निर्माण कार्यको प्रगती, स्वीकृत गुरूयोजनाको वार्षिक कार्यान्वियन योजना, यस आ.व. मा निर्माण गर्ने कार्यक्रमको लागत अनुमान सहित अनुदान माग गर्ने व्यवस्था छ। कार्यक्रम कार्यान्वियन कार्यबिधि अनुसार कार्य प्रगतिको आधारमा क्रमश ३०, ५० र २० प्रतिशतको अनुदान उपलब्ध गराउनुपर्नेमा कार्यक्रम कार्यान्वियन कार्यबिधि बिपरित प्रथम किस्ता ५० प्रतिशत,दोश्रो किस्ता ३० प्रतिशत र भरी कार्यसम्पन्न प्रतिवेदन बिना तेश्रो किस्ता २० प्रतिशत समेत रु.९९८५३६०।०० विद्यालयलाई उपलव्ध गराएको छ।बिद्यालयले भवन निर्माण प्रतिस्पर्धाबाट नगराई उपभोक्ता समितिबाट गराई यस बर्ष रु.७०२०९९४।०० र शैक्षिक गुणस्तरको सामाग्री खरिद तर्फ रु. ३५३९६५४।०० को मात्र उपभोक्ता तथा खरिद बिल भरपाई पेश गरेको छ। जनता मा.बि.को भौतिक पूर्बाधार अन्तर्गत प्रशासनिक भवन निर्माण र घेरापर्खाल निर्माण गर्न २ वटा उपभोक्ता समितिबाट काम गराउने गरी कुल रु.१२२९५५०६।०० को लागत अनुमान तयार गरि उपभोक्ताले ब्यहोर्ने अंश कट्टा गरि रु.९८६६३७६।०० पालिकाले ब्यहोर्ने उल्लेख गरेको पाईयो । यस सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन ।

९८.२ **सिमा भन्दा बढीको काम :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १(क) मा एक करोड रुपैंयासम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर,ओभरहेड,कन्टिजेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनेछ भन्ने प्राबधान रहेको तथा उपभोक्ता समितिले पाएको काम सम्झौतामा तोकिएको समयमै सम्पन्न गर्नुपर्ने बाध्यत्मक ब्यबस्था समेत गरेको छ । देहाय अनुसार उपभोक्ता समितिबाट गर्नको लागि रु.१२२९५५०६।०० लागत अनुमान तयार गरि उपभोक्तासँग सम्झौता गरे अनुसार रु.९९८५३६०।०० निकासा दिएकोमा यस आर्थिक बर्षमा निर्माण काम सम्पन्न गरेको नदेखिएकोले नियम तथा सम्झौताको पालना गरेको पाइएन । पालिकाले निर्माण काम २ वटा उपभोक्ताबाट गराउदा नियममा ब्यबस्था भए अनुसार लागत अनुमानमा कन्टिजेन्सी, ओभरहेड,मु.अ.कर र उपभोक्ताको अंश समेत समाबेश गर्दा रु.१५४७२९०८।०० हुने हुदाँ उक्त काम उपभोक्ता समितिबाट गराउन मिल्ने सिमा भन्दा बढीको लागत अनुमान देखिएको हुनाले पालिकाले रु.९९८५३६०।०० बिद्यालयलाई निकासा दिएको नियमसम्म नभएको रु.

गो.भौ.नं.र मिति	**निकासा रकम**	**उपभोक्ता समितिको काम र अध्यक्षको नाम**	**उपभोक्ताको योगदान समेत लागत अनुमान**	**उपभोक्ताको अंश कट्टा गरि पालिकाले भुक्तानि दिनुपर्ने रकम**	**ओभरहेड,कन्टिजेन्सी,मू.अ.कर र उपभोक्ताको अंश समेत हुने लागत अनुमान**	**सम्झौता मिति**	**सम्पन्न गर्नुपर्ने मिति**
१३।२०८१। १०।२७	६००००००	प्रशासनिक भवन निर्माण र बिर बहादुर साउँद	९८६६१३७	७८५००००	१२३७८१३७	२०८१। १०।२०	२०८२। ३।१५
४३,५३,६७। २०८२ ।३। ११,२२,२४	३९८५३६०	घेरापर्खाल निर्माण र दिर्घ खड्का	२४२९३६९	२०१६३७६	३०९४७७१	२०८१। १२।२०	२०८२। ३।१५
जम्मा	**९९८५३६०**		**१२२९५५०६**	**९८६६३७६**	**१५४७२९०८**		

अनियमित भएको	९९,८५,३६०

९८.३ **सम्झौता भन्दा बढी निकासा:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समितिले पाएको काम आफैंले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन सकिने छैन । कुनै कारणबश सो समिति आफैंले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनु पर्नेछ ।त्यसरी सूचना प्राप्त भएपछि सार्वजनिक निकायले सो सम्बन्धमा आवश्यक जाँच गरी सो समितिसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र यस नियमावली बमोजिम गराउनु पर्ने व्यवस्था रहेको छ । नमुना बिद्यालयको रुपमा रहेको जनता मा.बि.को भौतिक पूर्बाधार अन्तर्गत प्रशासनिक भवन र घेरापर्खाल निर्माण २ वटा उपभोक्ताबाट मिति २०८२।३।१५ गते सम्पन्न गर्ने गरी रु.१२२९५५०६।०० को लागत अनुमान बनाइ पालिकाले रु.९८६६३७६।०० ब्यहोर्ने र सम्झौता मिति २०८१।१०।२० गते गरेको पाईयो । उपभोक्ता समितिले तोकिएको समयमा काम सम्पन्न गरेको नपाईएकोले सम्झौताको शर्त पालना गरेको पाइएन । त्यसैगरी उपभोक्ता समितिहरुसँग भएको सम्झौता अनुसार पालिकाले बेहोर्ने रकम रु.९८६६३७६।०० मात्र रहेकोमा रु.९९८५३६०।०० निकासा दिएकोले बढि निकासा दिएको रकम रु.११८९८४।०० फिर्ता प्राप्त गरी संघीय संचित कोष फिर्ता गरेको प्रमाण पेश हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१,१८,९८४

९८.४ **जिन्सी दाखिला नभएको :** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ को उपनियम १ मा कार्यालय प्रमुखले खरिद गरी प्राप्त हुन आएको जिन्सी मालसामानको बिबरण र मूल्य समेत खुलाई जिन्सी किताबमा ७ दिनभित्र आम्दानी बाँधी लगत अद्याबधिक गर्नु गराउनुपर्ने प्राबधान रहेको छ । नमुना बिद्यालय जनता मा.बि.लाई ल्याबका सामाग्रिहरु खरिद गर्न उपलब्ध गराएको रकमबाट देहाय सामानहरु खरिद गरेकोमा बिद्यालयले ति सामानहरु जिन्सी किताबमा आम्दानी बाँधेको देखिएन ।

यसरी खरिद गरिएका ल्याबका सामानहरुको स्पेशिफिकेशन बमोजिम भए नभएको पुष्टी हुने तथा सामाग्रीहरु जडान भई संचालन भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन गरी सो को प्रतिबेदन सहित जिन्सी दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु....

गो.भौ.नं.र मिति	**रकम**	**सामानको बिबरण**	**सप्लायर्सको नाम र ठेगाना**	**कैफीयत**
३७।२०८२।३।९	१९८९१५५	पशु बिज्ञान ल्याब	ईन्टरनेशनल साइन्स हाउस प्रा.लि.काठमाडौं	
५२।२०८२।३।२२	५५०४९९	ल्याब इन्टेरिअर डेकोरेशन समेत ३० आईटम	डि.आर.कृषि सामाग्री तथा विज्ञान केन्द्र कैलाली	
२६४।२०८२।३।२४	१००००००	राउण्ड टेबुल समेत ३८ आईटम	सेलिना फर्निचर उद्योग साँफेबागर अछाम	
जम्मा	**३५३९६५४**			

प्रमाण पेश नगरेको	३५,३९,६५४

९८.५ कट्टी जरिवाना: नमूना बिद्यालयको रुपमा रहेको जनता मा.बि.लाई शैक्षिक गुणस्तर अन्तर्गत सामाग्री खरिद गर्न रु.३५३९६५४।०० निकासा गरेकोमा बिद्यालयले प्रतिस्पर्धाको माध्यमबाट छनौट भएको ईन्टरनेशनल साईन्स हाउस प्रा.लि.काठमाडौंसँग ल्याब ईक्विपमेन्ट अन्तर्गतको पशु विज्ञान सम्बन्धी एक सेट सामान सम्झौताको बि.ओ.क्यू.मा तोकिएको गुणस्तर सप्लाई गर्ने गरी मिति २०८१ माघमा रु.१९८९१५५।०० मा सम्झौता गरेको देखियो । सप्लायर्सले समयमा सप्लाई नगरेको जनाई बिद्यालयले कार्यसम्पादन वापत राखेको जमान रकम रु.१९२५२०।०० र सम्झौता अनुसार केही सामानहरु तोकिएको गुणस्तर बमोजिम सामान सप्लाई नगरेको जनाई धरौटी रकम रु.७१८१६।०० समेत जम्मा रु.२६४३३६।०० कट्टा गरी भुक्तानी दिएको देखियो । विद्यालयले ल्याब ईक्विपमेन्ट अन्तर्गतको पशु विज्ञान सम्बन्धी सामानहरु मध्ये केही सामान तोकिएको गुणस्तरयुक्त नभएको जनाई सप्लायर्सको भुक्तानीबाट रकम कट्टा गरेको अबस्थामा खरिद गरेको ल्याब सामान सेटमा रहेको हुदाँ सेट मध्येको केही सामान तोकिएको गुणस्तरको नभएकोले सेट अन्तर्गतका बाँकी सामान समेत गुणस्तरयुक्त भए नभएको बिश्वस्त हुन नसकिएको हुदाँ यस सम्बन्धमा पालिकाले सम्बन्धित प्राबिधिक मार्फत चेकजाँच गर्न लगाई पुष्ट्याई सहितको प्रमाण पेश गर्नुपर्दछ । साथै बिद्यालयले सप्लायर्सबाट कट्टा गरेको रु.२६४३३६।०० फिर्ता प्राप्त गरी संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२,६४,३३६

९९ परामर्श सेवा

९९.१ पालिकाले गत आर्थिक बर्ष २०८०।०८१ मा बजेट बिनियोजन नभएतापनि कुश्कोट सुगरदह लिफ्टीङ्ग खा.पा.डि.पि.आर.गौमुखी ईन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि.ललितपुरबाट तयार गरी भुक्तानी बाँकीको दायित्व पूँजिगतमा बजेट ब्यबस्था भए अनुसार निम्न बमोजिम भुक्तानी दिएको छ । यस वर्ष सेवा परामर्श खरिद वापत देहाय बमोजिमको कार्य गरेको छ ।

भौ.नं.	कार्यक्रम	परामर्शदाता	भुक्तानी रकम	कायम लागत	कार्यान्वयन अवस्था
८।०८१।८।१८	कुश्कोट सुगरदह लिफ्टीङ्ग खा.पा.डि.पि.आर.	गौमुखी ईन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि.ललितपुर	१५५८०००	३१५१०१५०	नभएको

यस सम्बन्धमा देखिएका बेहोराहरु निम्नानुसार रहेका छन ।

९९.२ लागत अनुमान- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ अनुसार सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्स, सम्बन्धित क्षेत्रगत शर्त, वा सोही प्रकृतिको खरिद कार्यमा लागेको वास्तविक लागतलाई आधार लिई लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष परामर्श खरिद गरेका कार्यक्रमको लागत अनुमान तयार गर्दा उक्त आधार नलिइ पालिकाबाट विनियोजित वजेटलाई नै विभिन्न क्षेत्रमा छुट्याइ लागत अनुमान तयार गरेको एवम लागत

अनुमानमा सम्बन्धित प्राबिधिक तथा कार्यालय प्रमुखको दस्तखत भएको पाइएन । जसबाट लागत अनुमान यथार्थपरक भएकोमा एकिन हुन सकिएन ।

९९.३ प्रस्ताव मुल्याङ्कन- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७१ मा प्रस्ताव माग गर्ने र नियम ७६ मा प्रस्ताव मुल्याङ्कन गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाले यस वर्ष परामर्श सेवा खरिद गरेका कार्यक्रमको लागि प्रस्ताव माग गरी खरिद गरेको देखिएता पनि संलग्न श्रेस्ता अनुसार उक्त प्रस्तावको प्राविधिक मुल्याङ्कन गरेकोमा अन्य २ वटा परामर्शदाताको आर्थिक प्रस्ताव संलग्न भएपनि गौमुखी ईन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि.ललितपुरको आर्थिक प्रस्ताब संलग्न देखिएन । जसबाट परामर्शदातासँग तोकिएको कार्य गर्न सक्षम सम्बन्धित जनशक्ति तथा प्राविधिक क्षमता भए नभएको सम्बन्धमा एकिन हुन सकिएन र पेश भएको प्रतिवेदन गुणस्तरिय भएको मान्न सकिएन ।

९९.४ जिन्सी दाखिला- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ९५ मा कार्यालय प्रमुखले कुनै माध्यमबाट प्राप्त हुन आएको सम्पत्ती तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधि लगत अध्यावधिक गर्नु, गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्ष खरिद भएका माथि उल्लेखित परामर्श खरिद वापतका प्रतिवेदन पालिकाको जिम्सी किताब/पाम्समा दाखिला गरेको पाइएन । अत उक्त प्रतिवेदन दाखिला गरेको प्रतिवेदन पेश गर्नुपर्दछ ।

१०० **उपभोक्ता समितितर्फ**

१००.१ सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७ को उपनियम ८ मा उपभोक्ता समितिहरुबाट निर्माण गराउदा सम्झौता तथा लागत अनुमान अनुसारको काम तोकिएको समयमा गर्नुपर्ने र समयमा काम सम्पन्न नगरेको अवस्थामा म्याद थप गर्न नमिल्ने तथा समितिसँग भएको सम्झौता तोडि बाँकी काम नियमानुसार गराउनुपर्ने ब्यबस्था गरेको छ ।यसरी उपभोक्ता समितिबाट भएको कामहरु मध्ये नमूना छनौटको आधारमा परीक्षण गर्दा केहि उपभोक्ता समितिहरुले सम्झौता अनुसार आर्थिक बर्ष भित्र नसकि काम बाँकी रहेको देखिएकोले नियममा भएको प्रावधानको पालना गरेको पाईएन । उपभोक्ता समितिबाट भएको कामको सम्बन्धमा देखिएका मुख्य ब्यहोराहरु निम्नानुसार रहेका छन ।

१००.२ हस्तान्तरण नगरेको: सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किश्तामा गरेको खर्चको सुचना सार्बजनिक सुचना पार्टीमा टाँस गर्नुपर्ने, तोकेको अबधी र प्रकृया बमोजिम सामाजिक लेखापरीक्षण गर्नुपर्ने, नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भए पछि सार्बजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन । नियमानुसार प्रकृया पुरा गरी काम गर्ने गराउने व्यबस्था हुनुपर्दछ ।

१००.३ **निर्माण व्यवसायीबाट काम गराएको:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३(क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समितिसँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण कार्यहरु निर्माण व्यवसायीबाट गराएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट देखिन्छ । उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । उपभोक्ता समितिसँग पालिकाको सम्झौता हुने र उपभोक्ता समितिले सो सम्पुर्ण काम डोजर तथा हेभिउपकरण मार्फत गराउँदा निर्माण व्यवसायीलाई सव कन्ट्र्याक्टमा लगाएको देखिन्छ । उपभोक्ता समितिलाई प्राप्त सबै काम निर्माण

व्यवसायीको डोजर तथा हेभि उपकरण मार्फत गराउदा स्थानीय श्रम र सीपको उपयोग हुन सकेको देखिदैन । नियमावलीको उल्लिखित प्रावधान बमोजिम स्थानीय श्रम र सीपको प्रयोग हुने मनसायले उपभोक्ता समिति मार्फत हुने काममा निर्माण व्यवसायीको संलग्नतामा नियन्त्रण हुनु पर्दछ । यस सम्बन्धी केहि उदाहरणहरु निम्नानुसार रहेका छन ।

(विस्तृत विवरण बेरूजु दफा १००.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१००.४ **सडक निर्माणमा मानिसको नर्मस प्रयोग:** सार्बजनिक खरिद नियमावली,२०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट,फलामे डण्डी लगायत निर्माण सामाग्रीको दरभाउ,मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समिमिले तोकेको आधारमा निर्धारण गर्नुपर्दछ । यसरी निर्माण काम गर्दा मितब्ययी किसिमले गराउनुपर्दछ । नमूना छनोटको आधारमा परीक्षण गर्दा पालिकाले केही योजनाहरुमा सडक मर्मत र निर्माण गर्दा मेशिनको दररेटको आधारमा काम गराई उपभोक्तालाई भुक्तानी दिएकोमा देहायका योजनामा सडकको काम गर्न मानिसको दररेट अनुसार लागत अनुमान बनाई सोही दररेट अनुसार उपभोक्ता समितिहरुलाई रु.८२२९३७।०० भुक्तानी दिएको पाईयो । यसरी मेशिनबाट हुने कार्य मानिसबाट गर्ने गरी लागत अनुमान स्वीकृत गरी भुक्तानी दिएकोले उक्त काम मानिसबाट नै गराउनुपर्ने कारण सहित प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नुपर्ने रु.

(विस्तृत विवरण बेरूजु दफा १००.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	८,२२,९३७

१००.५ **एकै योजनामा दुइ दररेट:** सार्बजनिक खरिद नियमावली,२०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट,फलामे डण्डी लगायत निर्माण सामाग्रीको दरभाउ,मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समिमिले तोकेको आधारमा निर्धारण गर्नुपर्दछ । यसरी निर्माण काम गर्दा मितब्ययी किसिमले गराउनुपर्दछ । नमूना छनोटको आधारमा परीक्षण गर्दा पालिकाले केही योजनाहरुमा सडक मर्मत र निर्माण गरेका सडक निर्माण योजनामा नरम माटो खन्ने कार्यमा म्यानुअल नर्म्स/मेकानिकल नर्म्स दुवै र मध्यम तथा कडा चट्टान काट्ने कामको लागि मेशिनको दररेट राखी लागत अनुमान तयार गर्ने गरेको देखियो । साथै सम्पुर्ण कार्यको नापी तयार गर्दा एकमुष्ट नापी तयार गरी प्रतिशतको आधारमा कामको विभाजन गर्ने गरेबाट एकै योजना र एकै चेनेजमा नरम माटो खन्ने कार्य मानिसले मात्र र अन्य कार्य मेशिनबाट भएको मान्न सकिदैन । तसर्थ पालिकाले योजनामा मेशिन प्रयोग हुने गरी नर्मस तयार गरेको अबस्थामा सोही योजनामा मानिसद्धारा काम गर्ने गरी दररेट समाबेश गरी काम गराउनु नियमसम्मत एवम उचित नदेखिएकोले यस कार्यमा तत्काल सुधार गर्नुपर्दछ । नमुना छनौट गरी परीक्षण गरिएका योजना मध्ये देखिएका केहि योजनाको भुक्तानी अवस्था देहाय बमोजिम रहेको छ ।

(विस्तृत विवरण बेरूजु दफा १००.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१०१ कर्मचारी मार्फत निर्माण तथा खरिद

पालिकाले निर्माण काम वा सप्लायर्सबाट सामान खरिद गर्दा बिद्युतिय माध्यमबाट वा एकाउण्टपेयी चेक मार्फत सम्बन्धितलाई भुक्तानी दिनुपर्नेमा देहाय अनुसारका पालिकाको कर्मचारी मार्फत भुक्तानी दिएको पाइएको हुनाले यस प्रकारको परिपाटीमा सुधार हुनुपर्दछ ।

गो.गौ.नं.र मिति	रकम	कर्मचारीको नाम	बिबरण	कैफियत
५०। २०८१। १२।४	२१५६४०	वडा नं.३ सि.अ.हे.ब नरेन्द्र शाह	सामान खरिद र ढुवानी	सामान खरिदको ढुवानी सहित ४ वटा बिजकको रकम रु.१५४६४८।०० रहेकोमा बढी भुक्तानी रु.६०९९२।०० असुल हुनुपर्दछ।
७२। २०८२।१। २३	३०५००	वडा नं.३ सि.अ.हे.ब नरेन्द्र शाह	सेलिना फर्निचरबाट खरिद	जिन्सी दाखिला नभएको
७५। २०८२।१। २५	४८०००	वडा नं.३ सि.अ.हे.ब नरेन्द्र शाह	सडक मर्मत	
१३५। २०८२।३। ९	५००००	वडा नं. १ वडा सचिब कृष्ण बहादुर बुढा	वडा शौचालय मर्मत	
१६८। २०८२।३। १९	९६०००	वडा नं. २ वडा सचिब राजेन्द्र बहादुर बुढा	वडाका खा.पा.मर्मत	
१७७। २०८२।३। २०	५८८२०	वडा नं. २ वडा सचिब राजेन्द्र बहादुर बुढा	फर्निचर खरिद	
१७९। २०८२।३। २०	१३००००	वडा नं. २ वडा सचिब राजेन्द्र बहादुर बुढा	वडा कार्यालय मर्मत	लागत अनुमान,प्राबिधिक मूल्यांकन पेश नभएको
२०४। २०८२।३। २५	५००००	वडा नं. ५ वडा सचिब लोकेन्द्र साउद	असुङ्गा खा.पा.मर्मत	

१०२ **नापी किताब**

निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि महालेखा परीक्षकबाट स्वीकृत गराई महालेखा नियन्त्रक कार्यालयले लागु गरेको म.ले.प.फा.नं. ५०३ को ढाँचामा निर्माण कामको परिमाण र रकम खुलाउनुपर्ने एवम सार्वजनिक निकायले प्रयोग गरेका कम्प्यूटीकृत नापी किताबमा पाना नं.सिलसिलेबार राखी नापी किताब नियन्त्रण खाता म.ले.प.फा.नं. ५१२ मा प्रबिष्टी गरी नापी किताबको अभिलेख राख्नुपर्ने ब्यबस्था रहेको छ । नापी किताब सम्बन्धी स्वीकृत (फाराम) नापी किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम सुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरि नापजाँच गर्ने, सिफारीस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख गर्नुपर्ने प्राबधान गरेको पाईयो। लेखापरीक्षणको क्रममा पेश भएका नापी किताबको परीक्षण गर्दा कम्प्युटर प्रिन्टबाट नापी किताब तयार गरेकोमा स्वीकृत ढाँचा अनुसार बिबरणहरु नापी किताबमा अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम लगायत स्वीकृत ढाँचामा उल्लेख भए अनुसारका आवाश्यक बिबरणहरु नापी किताबमा चढाएको देखिएन । अतःनापी किताबमा खुलाउनुपर्ने व्यहोरा सबै खुलाई नापी किताब नियत्रण खाता म.ले.प.फा.नं. ५१२ मा अभिलेख जनाई नापी किताब प्रयोगमा ल्याउनु

पर्दछ। तसर्थ नापी किताबमा चढाएको परिमाण अनुसार प्राबिधिक मूल्यांकनमा परिमाण र रकम ठिक दुरुस्त छ भन्ने कुरामा आश्वस्त हुन नसकिएकोले यस तर्फ कार्यालयले यकिन गरी सुधार गर्नुपर्दछ ।

१०३ **दोहोरो नागरिकता नम्बर**

पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको लागि तयार गरेको विवरणमा एकै नागरिकता नम्बर भएको दुई व्यक्तिलाई सामाजिक सुरक्षा भत्ता विवरण गरेको विवरणबाट देखिएको छ । सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीमा विवरण भर्दा एकिन गरेर मात्र विवरण भर्ने तर्फ सम्बन्धित शाखाले ध्यान दिनु पर्दछ । साथै नियमानुसार प्रत्येक व्यक्तिको नागरिकता नम्वर फरक हुनुपर्नेमा एकै नागरिकता भएका दुई वा दुई भन्दा बढी व्यक्ति रहेकोले नागरिकता नम्वर सच्याउन सम्वन्धित निकायमा लेखि पठाउन पहल गर्नुपर्दछ। यसका केही उदाहरणहरू निम्नानुसार रहेका छन्:

सि.नं.	वडा नं.	लाभग्राहीको नाम	नागरिकता नम्बर	रकम भुक्तानी त्रैमासिक
१	४	बल बहादुर साह	६९३०१६।१	१२००
२	४	सुन्तला रावल	६९३०१६।१	१२००
३	४	धने साउँद	६९३०१६।४२७	१२००
४	४	कमला देवी साउँद	६९३०१६।४२७	१२००
५	४	धौली देवी साउँद	६९३०१६।५५८	१२००
६	४	रंगी देवी साउँद	६९३०१६।५५८	१२००
७	४	कोटी देवी साउँद	६९३०१६।१०११	१२००
८	४	मोती देवी साउँद	६९३०१६।१०११	१२००
९	५	धौली देवी खड्का	६९३०२१।१९२	१२००
१०	५	किथ्थी साउँद	६९३०२१।१९२	१२००
११	५	मन्धरा देवी भुल	४।३३१८	१२००
१२	५	सुनमति भुल	४।३३१८	१२००
१३	५	रनसिंह अधिकारी	६९३०२।३८०	१२००
१४	५	सुन्तला देवी साउँद	६९३०२।३८०	१२००
१५	६	लाली देवी खड्का	६९३०२०।६४४	१२००
१६	६	नन्दा देवी लुहार	६९३०२०।६४४	१२००
१७	६	तुली देवी कडायत	६९३०२०।७१०	१२००
१८	६	मन्सरा देवी लुहार	६९३०२०।७१०	१२००

१०४ **नवीकरण**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७७ को दफा ४ मा पालिकाले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरीरहेका लाभग्राहीको नविकरण नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले केही लाभग्राहीको नविकरण गरेको पाइएन।नविकरण नभएको लाभग्राहीको नविकरण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : मेल्लेख गाउँपालिका, अछाम , मेल्लेख गाउँपालिका , अछाम

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	हिक्मत बहादुर बुढा	२०८०-९-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	डम्मर बहादुर बिष्ट	२०८०-१२-२५	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
८८२,४८५	२२,९२९,०४३	५१,०१४,१२६	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					७४,८२५,६५४
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					१५,८९०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					७४,८०९,७६४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४२३८२४१६.६५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३५८२११११०.०४	चालु खर्च	३०७०८९३४३.२
प्रदेश सरकारबाट अनुदान	२३३९८०००	पूँजीगत खर्च	१७२०७३३६२
राजश्व बाँडफाँट	९४५६२३८०.५८	वित्तीय/अन्य व्यवस्था	१६७९१८७१२.७७
आन्तरिक आय	२९५९४७२.९८		
अन्य आय	१४८५५३५०१.३		
कुल आय	६२७६८४४६४.९०	कुल खर्च	६४७०८१४१७.९७
बाँकी मौज्दात		२२९८५४६३.५८	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)					
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर		९,४८,६८,३७८.१३	०	९,४८,६८,३७८.१३
१३०००	अनुदान		३६,७३,११,७९३.८९	०	३६,७३,११,७९३.८९
१४०००	अन्य राजस्व		१९,७२,८९२.२३	०	१९,७२,८९२.२३
१५०००	विविध प्राप्ति		६,८०,५८४.००	०	६,८०,५८४.००
क	कुल जम्मा प्राप्ति		४६,४८,३३,६४८.२५		४६,४८,३३,६४८.२५
३	चालु		३०,७०,८९,३४३.२१	०	३०,७०,८९,३४३.२१
२१०००	पारिश्रमिक / सुविधा		१९,०५,३४,४०१.३२	०	१९,०५,३४,४०१.३२
२२०००	मालसामान तथा सेवाको उपयोग		१०,५९,९०,३०३.८९	०	१०,५९,९०,३०३.८९
२५०००	सहायता (Subsidy)		०	०	०
२६०००	अनुदान		८,००,०००.००	०	८,००,०००.००
२७०००	सामाजिक सुरक्षा		८७,४७,५३८.००	०	८७,४७,५३८.००
२८०००	अन्य खर्च		१०,१७,१००.००	०	१०,१७,१००.००
४	पूंजीगत		१७,२०,७३,३६२.००	०	१७,२०,७३,३६२.००
३१११०	भवन तथा संरचना		७०,४४,१४०.००	०	७०,४४,१४०.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		१२,०१,११०.००	०	१२,०१,११०.००

३११३०	अन्य पूँजीगत खर्च		१२,९९,४७७.००	०	१२,९९,४७७.००
३११४०	सुरक्षा उपकरण		२,९७,८८९.००	०	२,९७,८८९.००
३११५०	सार्वजनिक निर्माण		१६,०२,३०,८२७.००	०	१६,०२,३०,८२७.००
३११६०	निर्मितसरचनाको सुधार खर्च		१९,९९,९१९.००	०	१९,९९,९१९.००
५	वित्तीय		०	०	०
ख)	कुल जम्मा भुक्तानी		४७,९१,६२,७०५.२१		४७,९१,६२,७०५.२१
ग)	बचत /कमी (ग = क-ख)		(१,४३,२९,०५६.९६)		(१,४३,२९,०५६.९६)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)		(७४,२४,२४१.७६)		(७४,२४,२४१.७६)
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		-१२,१४७.००		-१२,१४७.००
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		(२,१७,५३,२९८.७२)		(२,१७,५३,२९८.७२)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		३,८४,२३,२७३.०१		३,८४,२३,२७३.०१
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन				
ज)	आ.व. अन्तको		१,६६,६९,९७४.२९		१,६६,६९,९७४.२९

	बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)				

बेरूजु दफा ७९ सँग सम्बन्धित विवरण - अनुसूची -४

भौचर नं मिति	विवरण	फर्म/संस्थाको नाम	जम्मा भुक्तानी	जम्मा मूल्य अभिवृद्धि कर	३० प्रतिशत मूल्य अभिवृद्धि कर
२०९। २०८२।३।१७	वीजक नं१२१८।२०८२।३।१२ बाट डिस्पोजेवल मेसिन समेत खरीद	रिदान मेडी कन्सर्न काठमाण्डौं(स्थायी लेखा नंवर ६०२३३३९०८)	९९५६८६	११४५८	३४३६४
१०२ ।२०८२।१०।२५	वीजक नंवर १।२०८१।६।२ बाट स्टेरिलाइजेशन समेत खरीद (वीजक नंवर हातले लेखेको छ)	विभुम इन्टरप्राइजेज प्रा.लि. काठमाण्डौं (स्थायी लेखा नंवर ६२१२०९२६४)	४९०१७१	५६३९१	१६९१७
जम्मा			**१४८५८५७**	**२००९३९**	**५१२८१**

बेरूजु दफा ८६ सँग सम्बन्धित विवरण - अनुसूची -५

गो.भौ.नं.र मिति	भुक्तानि रकम	कार्यक्रम	भुक्तानी पाउनेको नाम	शिर्षक
८।२०८१।६।१४	५७६०००	षोड्सा आधारभुत बिद्यालय भवन मर्मत	षोड्सा आधारभुत बिद्यालय भवन मर्मत उ.स.	भुक्तानि बाँकी दायित्व पुँजीगत
११।२०८१।६।१४	२९५३५०	वडा नं. ५ सडक मर्मत	एलि कन्स्ट्रक्सन अछाम	भुक्तानि बाँकी दायित्व पुँजीगत
३२।२०८१।६।१७	१४८३९०	वडा नं. ५ सडक मर्मत	एल.आर.के.डिजाइन एण्ड कन्स्ट्रक्सन	भुक्तानि बाँकी दायित्व पुँजीगत
१७।२०८१।६।१४	४६०८००	ठाँटी रिठा बजार सडक मर्मत वडा नं. ३	ठाँटी रिठा बजार सडक मर्मत उ.स.	भुक्तानि बाँकी दायित्व पुँजीगत
२१।२०८१।६।१५	६०००००	ठाँटी स्वा.चौ.निर्माण वडा नं. ३	ठाँटी स्वा.चौ.निर्माण उ.स.	भुक्तानि बाँकी दायित्व पुँजीगत
६५।२०८२।३।२३	५६६००	षोड्सा स्वा.चौ.खा.पा.वडा नं. ६	वडा सचिब निर्मल खड्का मार्फत	भुक्तानि बाँकी दायित्व पुँजीगत
८।२०८१।६।१८	१५५८०००	कुश्कोट सुगरदह लिफ्टिङ्ग खा.पा.	गौमुखी ईन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि.ललितपुर	भुक्तानि बाँकी दायित्व पुँजीगत
जम्मा	**२७९५१४०**			

बेरूजु दफा ८७ सँग सम्बन्धित विवरण - अनुसूची -६

ठेक्का नं. वा उपभोक्ता समिति	योजनाको नाम र काम	बिनियोजित बजेट	लागत अनुमान	सम्झौता रकम	कुल भुक्तानी रकम	कैफियत
डब्ल्यू।०५। ०८१।८२	कुश्कोट लिफ्टिङ्ग खा.पा.	१०००००००	३०३११४९०	२७८२१७०८	पेश्की रु.२७८२००० मात्र दिएको	निर्माण काम शुरु नभएको
बि।०४। ०८१।८२	वडा नं. ५ वडा कार्यालय भवन निर्माण	४००००००	१६२७९२७३	८३५५९८३	पेश्की रु.८००००० मात्र दिएको	निर्माण काम शुरु नभएको
डब्ल्यू।०२। ०८१।८२	सुगुरदह पार्क निर्माण	१०००००००	१०३८१३१७	८००१३४६	७४२८५३६	सम्मपन्न नभएको
नन्देगडा स्वा.चौ.भवन नि.उ.स.	नन्देगडा स्वा.चौ.भवन	३००००००	६११८८५५	४८०००००	२८२७४४५	बजेट भन्दा बढि रु.४८ लाख दिने गरि सम्झौता गरेको तथा काम सम्पन्न नभई अधुरो रहेको

बेरूजु दफा १००.३ सँग सम्बन्धित विवरण - अनुसूची -७

भौ.नं. र मिति	भुक्तानी रकम	उपभोक्ता समितिको नाम	संलग्न निर्माण व्यवसायीको नाम	निर्माण व्यावसायीको विल पेश भएको रकम
५४।०८२।३।२३	१९९२९८८	विडकाली सिगारी गाउँ ग्रामिण सडक उ.स.वडा नं. ४	एन.आर.बि.निर्माण सेवा अछाम	९४००००
			जमुना निर्माण सेवा अछाम	३०००००
१६।०८१।७।३०	१४४००००	ढाँटीगैरा दर्वा सडक निर्माण उ.स.	एन.आर.बि.निर्माण सेवा अछाम	८६०५००
			सि.बि.आर.कन्स्ट्रक्सन अछाम	५७९५००
५६।०८१।१२।१२	२८८०००	गोलभाट नागामाण्डौं सडक निर्माण उ.स.	सि.बि.आर.कन्स्ट्रक्सन अछाम	२८८०००
११०।०८२।२।२७	१९२०००	धामीगाउँ खेल मैदान निर्माण उ.स.	एन.आर.बि.निर्माण सेवा अछाम	२०००००
५९।०८१।१२।३१	१००१४७१	कुश्कोट तोलिपाटा सडक निर्माण उ.स.	सि.बि.आर.कन्स्ट्रक्सन अछाम	१०४३१९९

बेरूजु दफा १००.४ सँग सम्बन्धित विवरण - अनुसूची -८

शिर्षक	उपभोक्ता समिति र काम	गो.भौ.नं.र मिति	रकम	कामको बिबरण	काम भएको परिमाण	भुक्तानी दर	भुक्तानी रकम	मेशिनको दर	फरक दर	बढि व्ययभार परेको रकम
दायित्व पूँजिगत	पिपलसैन मा.बि.सडक निर्माण	१२।०८१ ।६।१४	२८८ ०००	Earthwork in excavation in ordinary/soft soil	४३९ घ.मि.	४२१.६०	१८५ २७६	६१.६८	३५९.९२	१५८ ००४
दायित्व पूँजिगत				Earthwork in excavation in hard soil	३५१ घ.मि.	५०९.८५	१७९ २४६	९०.८८	४६१.३४	१६१ ९३०
दायित्व पूँजिगत	ठाँटी रिठा बजार सडक मर्मत	१७।०८१। ६।१४	४८० ०००	Earthwork in excavation in ordinary/soft soil	६९० घ.मि.	४२१.६०	२९१ ०७३	६१.६८	३५९.९२	२४८ ३४४
दायित्व पूँजिगत				Earthwork in excavation in hard soil	५५२ घ.मि.	५०९.८५	२८१ ६००	९०.८८	४६१.३४	२५४ ६५९
जम्मा										**८२२९३७**

बेरूजु दफा १००.५ सँग सम्बन्धित विवरण - अनुसूची -९

भौ.नं.र मिति	योजना	काम	परिमाण (घ.मी.)	दर	भुक्तानी रकम	दर
१६।०८१ ।७।३०	ठाँटी गैरा दर्वा सडक निर्माण उ.स.	मिक्स माटो खन्ने काम	१८२.४०	७००	१२७६८०	मानिस
		नरम माटो खर्ने कार्य	१०८६१.४८	६५.७९	७१४५६७	मेशिन
		कडा माटो खन्ने कार्य	१५५१.६४	१७८.६५	२७७१९७	मेशिन
५६।०८१ ।१२।१२	गोलभाट नागामाण्डौं सडक निर्माण उ.स.	सवै प्रकारको माटो खर्ने कार्य	२४	६३०.८८	१५१४१	मानिस
		नरम माटो खर्ने कार्य	२७६६.५१	६५.७९	१८२००६	मेशिन
		कडा माटो खन्ने कार्य	१०३२.२८	९४.९९	९८०६०	मेशिन
७१।०८२ ।१।२३	माष्टामाण्डौं खेल मैदान निर्माण उ.स.	सबै प्रकारको माटो खन्ने कार्य	१८.६७	६३०.८८	११७७७	मानिस
		सामान्य प्रकारको माटो खन्ने कार्य	८८०.४२	७६.२९	६७१६५	मेशिन
१३।०८१ ।६।१४	ठाडागाडा बजित सडक निर्माण उ.स.	सामान्य प्रकारको माटो खन्ने कार्य	३२६.४५	५९४.८३	१९४१८०	मानिस
		नरम माटो खन्ने कार्य	१७०६.४०	६१.६८	१०५२४२	मेशिन
		नरम चट्टान खन्ने कार्य	७६७.८८	१७१.३३	१३१५५९	मेशिन

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।